गलकोटपत्र

'स्थानीय सञ्चार, समुदायका लागि शक्ति र अवसर'

Galkotpatra Weekly — साप्ताहिक

❍ वर्ष १६ ❍ अङ्क ३५ ❍ २०८३ कात्तिक २३ गते सोमबार ❍ नेपाल संवत ११४६ ❍ 09 November 2026, Monday ❍ पृष्ठ ६ ❍ मूल्य रु. ८



गलकोट सहकारीको साधारण सभा

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका सामाजिक विकास समितिका संयोजक तथा नगर प्रवक्ता हिम बहादुर भण्डारीले सहकारीले आम्मना सदस्यहरूको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताएका छन ।

गलकोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड गलकोट नगरपालिका वडा नं. ३ हटियाको १५ औं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै भण्डारीले उक्त भनाइ राखेका हुन । उनले वर्तमान अवस्थामा सहकारी संस्थाले हासिल गरेको प्रगति, बचत गर्ने बानीको विकास तथा सहकारी क्षेत्रमा देखिएका चुनौतीका विषयमा विश्लेषणात्मक धारणा राखेका थिए ।

गलकोट नगरपालिकाका प्रवक्ता भण्डारीले सहकारीका सदस्यहरूमा नियमित बचत गर्ने बानीको विकास हुनुका साथै सानो-सानो रकम संकलन गरी भविष्यका लागि आर्थिक सुरक्षा गर्ने संस्कारको विकास भएको उल्लेख गरे ।

भण्डारीले पछिल्लो समय सहकारी क्षेत्रमा विभिन्न समस्या तथा चुनौती देखिएको उल्लेख गर्दै भण्डारीले



सहकारीप्रति सदस्यहरूको विश्वास कायम राख्नु, आर्थिक पारदर्शिता र सुशासनलाई प्राथमिकता दिनु तथा बचतकर्ताको रकम सुरक्षित राख्नु आजको प्रमुख आवश्यकता रहेको बताए ।

उक्त अवसरमा संस्थाका सल्लाहकार समिति सदस्य रामप्रसाद शर्मा, सुवेदार नर बहादुर खत्री, शेयर सदस्य सुरेन्द्रबम मल्लले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा संस्थाका अध्यक्ष हरिसिंह भण्डारिले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन, सचिव वीर बहादुर बोहोरा क्षत्रीले आर्थिक वर्ष २०८२/०८३ को प्रगती प्रतिवेदन तथा आर्थिक वर्ष २०८३/०८४ का प्रस्तावित कार्यक्रम, कोषाध्यक्ष वीरेन्द्र श्रेष्ठले आर्थिक वर्ष २०८२/०८३ को यथार्थ तथा २०८३/०८४ को प्रस्तावित बजेट प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिका संयोजक नवराज गौतमले आर्थिक वर्ष २०८२/०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन तथा शिक्षा उपसमिति

»» बाँकी पृष्ठ ५ मा.

नेकपाको जनजागरण अभियान

गलकोटपत्र/हटिया

नेपाली कम्युनिष्ट पार्टी गलकोट नगर कमिटीको आयोजनामा गलकोटमा राष्ट्रिय जनजागरण अभियान सुरु भएको छ । नेपाली कम्युनिष्ट पार्टीले देशव्यापी रूपमा सञ्चालन गरेको दुई महिने राष्ट्रिय जनजागरण अभियानअन्तर्गत गलकोटमा आयोजित कार्यक्रम सुरु भएको हो । कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य फमलाल निउरेले वर्तमान सरकारले गरेका गतिविधिप्रति असन्तुष्टि व्यक्त गर्दै देशमा बढ्दै गएको बेथिति, विसङ्गति र अनियमितताविरुद्ध जनतालाई सचेत गराउन अभियान सञ्चालन गरिएको बताए । उनले सरकारका गलत गतिविधिको भण्डाफोर गर्दै जनतामाझ पार्टीका विचार र धारणा पुऱ्याउनु पर्नेमा जोड दिएका थिए । सहइन्चार्ज चन्द्रदत्त रेग्मीले प्रस्तुत गरेका थिए । पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला सहइन्चार्ज ज्ञामनाथ गैरे अनिल र केन्द्रीय सदस्य तिलक उप्रेतीले समसामयिक राजनीतिक अवस्था तथा पार्टीको अभियानका विषयमा आम्नो धारणा राखेका थिए । कार्यक्रममा उपस्थित पार्टीका नेता तथा कार्यकर्ताहरूले पनि अभियानको उद्देश्य, वर्तमान राजनीतिक अवस्था र पार्टीको आ-आम्नो विचार व्यक्त गरेका थिए । कार्यक्रम नेपाली कम्युनिष्ट पार्टी गलकोट नगर संयोजक गंगा भुजेलको अध्यक्षता, नगर इन्चार्ज हर्क थापाको स्वागत र प्रदेश सदस्य खिम साहानीको सम्पन्न भएको थियो ।

शुभकामना







शुभ दीपावली २०८३, नेपाल संवत ११४७ तथा छठको पावन अवसरमा सञ्चालक समिति, लेखा समिति, सल्लाहकार, शेयर सदस्य, रेडियो सदस्य, सञ्चारकर्मी, श्रोता, पाठक, ग्राहक, लेखक, विज्ञापनदाता एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि तथा दीर्घायुको लागि मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

शर्मिला रोका मगर	वीरबहादुर चोखाल	वीरेन्द्र श्रेष्ठ
स्टेशन प्रमुख	सचिव	अध्यक्ष

गलकोटपत्र साप्ताहिक — सामुदायिक रेडियो गलकोट

गलकोट सूचना तथा संचार सहकारी संस्था लि.

गलकोट नगरपालिका-३ बागलुङ

बेलिब्रिज बनाउदै गण्डकी सरकार

गलकोटपत्र/हटिया

गण्डकी प्रदेश सरकारले एकैपटक बागलुङमा १५ वटा बेलिब्रिज निर्माण गर्ने भएको छ ।

पक्की पुलको अभावमा वर्षायाममा समेत सवारी आवागमनमा समस्या हुँदै आएका ग्रामीण सडकका साना तथा मझौला खोलामा बेलिब्रिज निर्माण गर्न लागिएको हो । चालु आर्थिक वर्षमा पूर्वाधार विकास कार्यालय बागलुङमार्फत १५ वटा बेलिब्रिज निर्माणको प्रक्रिया अघि बढाइएको छ । त्यसका लागि प्रत्येक पुलमा रु ४० लाखका दरले बजेट विनियोजन भइसकेको गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री जीत शेरचनले जानकारी दिए ।

उनका अनुसार अहिले पुल निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार गर्ने काम भइरहेको छ । सर्वेक्षण, डिजाइन र लागत अनुमान तयार भएपछि ठेक्का प्रक्रियामा लगिनेछ ।"चालु आर्थिक वर्षमा १५ वटै पुलको काम एकसाथ सुरु गर्ने तयारी छ । लागतअनुसार क्रमशः दुईदेखि तीन वर्षभित्र सबै पुल निर्माण सम्पन्न गर्ने लक्ष्य छ", मन्त्री शेरचनले भन्नुभयो, "प्रदेश सरकारले ४० मिटरसम्म लम्बाइ र रु.चार करोड अधिकतमसम्म लागतका पुल निर्माण गर्ने नीतिअनुसार साना खोलामा बेलिब्रिज निर्माण गर्दा छिटो र सहज हुनेछ ।"

पूर्वाधार विकास कार्यालय बागलुङका प्रमुख अनुप थापाका अनुसार प्रस्तावित १५ वटा बेलिब्रिज निर्माण भएपछि जिल्लाका अधिकांश ग्रामीण सडकलाई प्रदेशस्तरीय सडक हुँदै राष्ट्रिय राजमार्गसँग जोड्न सहज हुनेछ । अहिले पुल निर्माणस्थलको सर्वेक्षण भइरहेको र त्यसपछि डिजाइन तथा लागत अनुमानसहित ठेक्का प्रक्रिया अघि बढाइने उहाँले बताउनुभयो ।

योजनाअन्तर्गत निसीखोला गाउँपालिकामा पाँचवटा बेलिब्रिज निर्माण गरिनेछन् । गाउँपालिकाको सीप-छ्यारछ्यारे झिमाघाट, धर्तीचोक, धर्तीथोक-चैते जाने घाट, तालघाट र बुदारनाथमा पुल निर्माणका लागि सर्वेक्षण भइरहेको छ । यस्तै, ढोरपाटन नगरपालिकामा छेन्तुङ जोड्ने, चित्रेघाट, दावालखो र लाकुरीबोटमा बेलिब्रिज निर्माण गर्ने योजना छ । जैमिनी नगरपालिकाको थामथारा ठूलोखोला र काठेखोला गाउँपालिकाको काठेखोला-दोबिल्ला चनौटेघाट, लेखानी दोबिल्लाखोला तथा कादेशखोलामा पुल निर्माण गरिनेछ । गलकोट नगरपालिकाको मासबार, तमानखोला गाउँपालिकाको उपल्लो बोङ्गादोभानघाट र बडिगाड गाउँपालिकाको जोतीखोलामा पनि बेलिब्रिज निर्माण गर्ने योजना रहेको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

पुल निर्माण भएपछि खोलामा पानीको बहाव बढ्दा सडक अवरुद्ध हुने समस्या कम हुनुका साथै ग्रामीण क्षेत्रका बासिन्दालाई वर्षैभरि यातायात सेवा उपयोग गर्न सहज हुने छ ।

नगरपालिकाद्वारा आर्थिक सहयोग

गलकोटपत्र/हटिया

भोटेकोशीमा गएको विनाशकारी बाढीमा परी ज्यान गुमाएका गलकोट नगरपालिका वडा नम्बर २ घामपानी निवासी रमेश सुनारको परिवारलाई गलकोट नगरपालिकाले आर्थिक सहयोग गरेको छ । गत भदौ १० गते भोटेकोशीमा गएको बाढीमा परी ज्यान गुमाएका सुनारको परिवारलाई नगरपालिकाले काजकिरिया खर्चस्वरूप नगद ५० हजार रुपैयाँ सहयोग गरेको हो । स्वर्गीय सुनारको १० औं दिनको पुण्यतिथिका अवसरमा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरू उनको घरमै पुगेर उक्त रकम हस्तान्तरण गरिएको हो ।

सहयोग रकम हस्तान्तरण गर्दै गलकोट नगरपालिकाका नगर उपप्रमुख फमलाल निउरेले नागरिकलाई आइपर्ने हरेक दुःख, संकट र विपद्मा स्थानीय सरकार नागरिककै साथमा रहेर आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्न प्रतिबद्ध रहेको बताउनुभयो । निउरेले विपद्का कारण परिवारको सदस्य गुमाउनु निकै पीडादायी अवस्था रहेको बताउँदै यस्तो दुःखद् घडीमा पीडित परिवारलाई परेको पीडा कम गर्न नसकिए पनि स्थानीय सरकारको तर्फबाट साथ र सहयोगको अनुभूति गराउने उद्देश्यले आर्थिक सहयोग उपलब्ध गराइएको बताए

कार्यक्रममा गलकोट नगरपालिका वडा नम्बर २ का वडा अध्यक्ष हिमबहादुर भण्डारी, कार्यपालिका सदस्य भीम बहादुर वि.क., नगरपालिकाका कर्मचारी कमल सापकोटा लगायत गाउँका छिमेकी तथा आफन्तजनको सहभागिता रहेको थियो ।

रोजगारीका लागि भोटेकोशी क्षेत्रमा पुग्नुभएका सुनार घटनाको समयमा मध्य भोटेकोशी दोस्रो जलविद्युत् आयोजनाको २ सय १६ नम्बर टनेलमा कामदारका रूपमा कार्यरत थिए । उनी घटना हुनु भन्दा चार दिनअघि मात्रै कार्यक्षेत्रमा पुगेका थिए भने बाढी आउनुभन्दा दुई दिनअघिदेखि टनेलमा काम गर्दै थिए । भोटेकोशीमा आएको बाढीमा परी बेपत्ता हुनुभएका

»» बाँकी पृष्ठ ५ मा.

गलकोट अफसेट प्रेस

उच्च गुणस्तरीय छपाई र उत्कृष्ट ग्राहक सेवाको लागि सदैव हामीलाई विश्वसनीय साथीको रूपमा सम्झनुहोस् । गलकोट नगरपालिका-३ क्याम्पसगेट, हटिया, बागलुङ



अफसेट छपाई | व्यानर छपाई | सेल्फ स्टयाम | टाइपिङ, फोटोकपी | टी-शर्ट प्रिन्ट | लेमिनेसन | विवाह कार्ड छपाई गर्ने ठाँउ ! | ग्राफिक्स डिजाइन

कार्यक्रमका प्रमाण-पत्र, ब्याच, मायाको चिनो, फ्रेम, मेडल, ट्रफी, लगायत सम्पूर्ण सामाग्रिहरु पनि उपलब्ध छन् ।

प्रो. ज्ञान खड्का सागर

फो. ०६८-४१७०७१, ९८५७६७७७७१

नयाँ नेपाल निर्माणको लागि ग्रामीणमुखी पत्रकारिता

सम्पादकीय ✍.....

दीपावलीको शुभकामना

नेपाल चाडपर्वको देश हो । हिन्दु नेपालीहरुको विजया दशमी पछिको दोस्रो महान पर्व दीपावली (तिहार) शुरु भएको छ । गाउँदेखि शहरसम्म तिहारमय भएको छ । अध्यारोबाट उज्यालोतर्फ लैजाने पर्वको रुपमा स्थापित यस पर्वको सांस्कृतिक,सामाजिक, राजनैतिक तथा ऐतिहासिक महत्व रहेको छ । । परापूर्वकालदेखि नेपाली हिन्दु समुदाय तथा गैर हिन्दु समुदायले आपसी मेलमिलाप र धार्मिक सहिष्णुतताको प्रतीक मानिने यसपर्व आधुनिक समयमा पनि सबै नेपालीको घरघरमा खुशी हाँसो र उमङ्ग ल्याउने पर्वको रुपमा स्थापित भएको छ । दाजु भाई र दिदी बहिनीहरुबिच अमर प्रेमको झल्को दिने यस पर्वमा दाजुभाइका अतिरिक्त, पशुपन्छीहरुको पनि पूजा गरिन्छ ।शरद ऋतुमा पर्ने दीपावली पर्वमा अन्य पर्वमा भन्दा फुर्सद हुने र अन्नबाली पनि कृषकहरुले घरघरमा भित्राइसकेका हुन्छन ।त्यसैले हिन्दु नेपालीका अलवा सबै धर्म संस्कृतिका नेपालीहरुले यस पर्वलाई धुमधामका साथ मनाउदै आएका छन ।

नेपाली मौलिक संस्कृति झल्कने द्यौसी, भैलो, सोरठी,ख्याली, मारुनी नृत्य, कौडा आदि गीत, नृत्य र संगीतले यस पर्वको गरीमा अझै बढाएको छ । यस पर्वले धनी गरिव सम्पन्न तथा विपन्न सबै वर्ग र समुदायलाई खुशी बनाएको छ । उज्यालो पर्व तिहारमा केही विकृति र विसंगति भित्रिएका छन । खुलेआम जुवातास खेल्ने, पश्चिमा संस्कतिलाई भित्राउने काम भएका छन । यो गलत संस्कृति हो । यस्ता सांस्कृतिक समस्याहरुको संगठित रुपमा प्रतिकार गरिनु पर्दछ । दीपावलीमा द्योसी भैलो खेल्दा सृजनात्मक रुपमा खेलिनु पर्दछ । द्यौसी भैलो सामाजिक भावनाले ओतप्रोत भएको हुनु पर्छ ।परम्परागत संस्कृति झल्किने प्रस्तुति हुनु पर्छ । द्यौसी भैलोलाई मर्यादित गराउन सके संस्कतिको सम्बर्द्धन हुनेछ । तिहारलाई आर्थिक सामाजिक पक्षसँग पनि जोडेर हेर्न सकिन्छ। जङ्गली कटुस, ओखर, निबुवाजस्तो अरू बेला कसैले वास्ता नगर्ने तर तिहारको बेला हारालुछ हुने फलले कुनै पनि उपलब्ध वस्तु निकम्माको छैन, त्यसलाई समय अनुसार सदुपयोग गऱ्यो भने अर्थोपार्जन हुनसक्छ भनेर सिकाइरहेको हुन्छ । अन्य पर्वको तुलनामा तिहारको मौलिक तथा संस्कृतिक पक्ष अहिले पनि जीवन्त छ । मारुनी द्यौसी भैलो तथा पिङमा रम्ने प्रचलन रहेको छ । मौलिकतालाई जोगाउनका लागि युवा युवतीहरु अहिले पनि सक्रिय देखिन्छन । यो तिहारको सुखद पक्ष हो ।तिहार नेपाल रनेपालीको धार्मिक सहिष्णुतताको प्रतीक पनि हो ।

नेपालमा गाउँदेखि शहरसम्म, हिमालदेखि तराईसम्म सबै ठाउँमा तिहार हर्शोल्लासका साथ मनाइदै छ । दिदी बहिनी र दाजुभाइहरु तिहारको रमाइलोमा खुशी देखिन्छन विभिन्न समस्या र अबरोधहरुलाई सामाना गर्दै उज्यालोके पर्व दीपावली हर्सोल्लास आपसमा साटसाट हुन थालेको छ । दिदीबहिनीहरु दाजुभाइलाई टीका लगाएर पूजागर्न आतुर छन ।युवा युवतीहरु द्यौसी भैलोको तयारी गरी रहेका छन । हिन्दु नेपालीहरुको दोस्रो महान पर्व दीपावली (तिहार) २०८३ का साथै नेपाल संत ११४७ छठ पर्वको पावन अवसरमा हामी हाम्रा समस्त ग्राहक, पाठक, विज्ञापनदाता, पत्रकार, लेखक, कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहेका सम्पूर्ण नेपाली दाजुभाइ एवम दिदी बहिनीहरुमा सुख, शान्ति, सुस्वास्थ्य,दीर्घायु र समृद्धिकोलागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

बागलुङ जिल्ला कोड नं. ०६८

जिल्ला प्रशासन्: ५२०१३३/५२०२३३
प्रहरी :- ५२०१५५/५२०२१५/१००
धौ.अ.प्र.का.- ५२०१५३/५२०१०५/५२०३०१
जिल्ला ट्राफिक प्रहरी :- ५२०३५५
बागलुङ कारगार:- ५२०२६७
नेपाली सेना :- ५२०२००
अञ्चल अस्पताल :- ५२०२८८/५२०१८८
रक्त सञ्चार केन्द्र :- ५२०२७३
नेपाल रेडक्रस सोसाईटी:- ५२०१६५
आँखा असपताल :- ५२०१३७
जि.स.स.:- ५२०१४४/५२०१४८/५२०४०५
विद्युत प्राधिकरण :- ५२०२२०/५२०१७७
बस टिकट काउण्टर-चिप्लेटी) :- ५२११३२
जीप टिकट काउण्टर :- ५२११४०
दुरससञ्चार:- ५२०१११/५२०२२२/५२०२४४
डि.सहकारी का. :- ५२०३०२
ई.प्र.का. हरिचौर :- ४११०५५
ई.प्र.का. तारा :-५८५१०००७५८
हटिया प्रहरी चौकी :- ५८५७६५०१५८
नरेठाँटी प्रहरी चौकी: ५८०८४६३६०४
ग.प्रा.स्वा.के. हरिचौर :- ४११०८८
गलकोट एफ.एम.:- ४१२०४३
जिप काउण्टर हटिया:- ४१२०८८
जिप काउण्टर हरिचौर:- ४११०३६
बस काउण्टर हटिया:- ४१२०५५

गलकोट नगरपालिका:-
प्रमुख:- ५८५७६४०७५१
उप-प्रमुख:- ५८५७६२०८८४
गलकोट नगरपालिका वार्ड अध्यक्षहरु:-
वार्ड नं.१:- ५८५७६४८८८१
वार्ड नं.२:- ५८५७६२७२२२
वार्ड नं.३ :- ५८४७६६२५११
वार्ड नं.४:- ५८५७६४०८४६
वार्ड नं.५:- ५८४७७२०६६५
वार्ड नं.६:- ५८६१२५६३६५
वार्ड नं.७:- ५८५७६२२५२१
वाड नं.८:- ५८५७६२११११४
वार्ड नं.९:- ५८५७६२२८४२
वार्ड नं.१०:- ५८५७६२२१०८
वार्ड नं.११:- ५८५७६२५११५
प्रमुख प्र. अधिकृत:- ५८५७६४८१११
ताराखोला गाउँ पालिका
अध्यक्ष:- ५८५७६२३५०१
उपाध्यक्ष:- ५८४७६६५१६०
ताराखोला गाउँपालिका वार्ड अध्यक्षहरु:-
वार्ड नं.१:- ५८५७६६११२१
वार्ड नं.२:- ५८५७६६११२२
वार्ड नं.३ :- ५८५७६६११२३
वार्ड नं.४:- ५८५७६६११२४
वार्ड नं.५:- ५८५७६६११२५
प्रमुख प्र. अधिकृत:- ५८५७६६१११९

भैलोको सांस्कृतिक फैलावट



✍ डा. पद्मराज कलौनी

भैलोलाई भइलो पनि भनिन्छ । भैलाराले जसको आँगनमा भैलो खेल्छन्, दक्षिणा उपहार पाएपछि घरधनीलाई लोकगीतकै माध्यमले सिस (आशिष) दिँदा भैलो भन्छन् । सिस दिँदा हिमालय हिउँ छन्ज्या, समुद्र पानी छन्ज्या, मटखन्न माटो छन्ज्या, दूबाकि जानि चौडिरे, गुबाका जानि फुलिरे आदि विम्बका रूपमा अजम्मरीको सिस दिन्छन् । भैलो भलो र कल्याणसँग जोडिएको पर्व हो ।

भैलो पर्वमा सर्वप्रथम पशुपन्छी र प्रकृतिको पूजा गरिन्छ । पहिलो दिनमा काग (यमराजको सन्देशवाहक), दोस्रो दिन कुकुर (यमराजको अर्को दूत र भैरवको वाहन), तेस्रो दिन गाई (गौमाता, लक्ष्मी, कुबेर र गणेश), चौथो दिन गोरु र गोवर्धन (कृषिकार्यमा सहयोगी गोरु र प्रकृतिको प्रतीकका रूपमा गोबरको गोवर्धन पर्वत) आदिको पूजा गरिन्छ । भैलो सुख, समृद्धि र ऐश्वर्य प्राप्तिका लागि धनकी देवी लक्ष्मी, धनका भण्डारे कुबेर र विघ्नहर्ता गणेशको विशेष पूजा गरिन्छ ।

त्रयोदशी (धनतेरस) का दिन आरोग्यताका देवता धन्वन्तरीको पूजा गरिन्छ । भैलो खेल्दा पौराणिक दानवीर राजा बलिको स्मरण र पूजास्वरूप आराधना गरिन्छ । नेवार समुदायमा आफ्नो शरीर र आत्मालाई शुद्ध एवं ऊर्जावान् बनाउन 'म्ह पूजा' (आत्मपूजा) गर्ने विशेष परम्परा छ । यमपञ्चकको अन्तिम दिन दिदीबहिनी र दाजुभाइले एकआपसमा दीर्घायु र समृद्धिको कामना गर्दै यमराज, यमुना र अष्टचिरञ्जीवी साक्षी राखेर चिउराले पुज्ने र हजारी फूल (सयपत्री) को माला लगाउँछन् ।

भैलो शब्द संस्कृत भाषाको 'भवतु' (कल्याण) वा भलो (राम्रो/मङ्गल) शब्दबाट अपभ्रंश भई बनेको मानिन्छ । भैलो खेल्नुको मूल अर्थ नै अरूको भलो वा मङ्गल कामना गर्नु हो । भैलिनी/भैलाराले घर घरमा पुगेर अन्तिममा सिस 'भरियो भराण, सुनका सङाण, घरका घरना- जि जागी रन्ना, काखको बालो- जि जागी रन्ना, गोठ गाबडी- जि जागी रन्ना, रथका बल्लु- जि जागी रन्ना, ऐर कि जानी- झालताल भया, केरा थुमणजानि- थुमरोकिया, दुबाकि जानि- चौडिब रया, हजारी पूलकि जानि- पेलपुर भया, हिमाञ्चल हिउँ छन्ज्या- जि जागि रया, समुद्र पानी छन्ज्या- जि जागि रया, दै भात खाया, भैला कि सिसले अजम्मर भया आदि सिस दिन्छन् । घरआँगनमा भैलो आउनु भनेको साक्षात् लक्ष्मीको आगमन भएको लोकविश्वास छ । लोकगीत गाउँदै घरको भलो होस्, लक्ष्मीको बास होस् भनी कामना दिन्छन् । मानसी संस्कृतिमा तिहार पर्व अन्तर्गत खेलिने भैलोको धार्मिक र सांस्कृतिक रूपमा निकै ठुलो महत्व छ । भैलो परम्परा केवल मनोरञ्जनमा मात्र सीमित नभएर सामाजिक एकता, परोपकार र आध्यात्मिक आस्थासँग जोडिएको छ ।

पौराणिक पृष्ठभूमि

मानसखण्डमा खेलिने भैलोको धार्मिक मान्यता अनुसार पौराणिक कालमा दानवीर राजा बलिलाई भगवान् विष्णुले वामन अवतार लिएर पाताल पठाएको प्रसङ्ग छ । उनी वर्षमा एक पटक कात्तिक शुक्ल पक्षमा पृथ्वीलोक घुम्ने अनुमति पाएका बलि राजाको स्वागत र खुसीका लागि भैलो खेल्ने परम्परा सुरु भएको मानिन्छ । भैलो खेल्दा भन्ने गरिने 'हामी त्यसै आएनौं, बलि राजाले पठाए' भन्ने थेगोले त्यही धार्मिक प्रसङ्गलाई दर्शाउने गर्दछ ।

महालक्ष्मीको आराधना : तिहार धनधान्यकी देवी लक्ष्मीको पूजा गरिने पर्व हो । भैलो खेल्दै घर घरमा पुगेर गाइने लोकगीत र आशिष्ले उक्त घरमा लक्ष्मीको बास हुने र लक्ष्मी प्रसन्न भई धनधान्यले पूर्ण बनाउने धार्मिक विश्वास छ ।

सांस्कृतिक एवं सामाजिक महत्व : भैलो खेल्न गाउँघरका मानिसहरू समूहमा जम्मा हुन्छन् । यसले समाजमा आपसी भाइचारा, मेलमिलाप र एकताको भावना बलियो बनाउँछ । पुराना रिसराग त्यागेर खुसी साट्ने उत्कृष्ट माध्यम बन्दछ ।

कला र लोकसंस्कृतिको संरक्षण : भैलोमा परम्परागत लोकभाका, लोकगीत र नृत्य गरिन्छ । पुस्तौंदेखि चल्दै आएको रैथाने कला र संस्कृतिलाई जीवित राख्न र नयाँ पुस्तामा हस्तान्तरण गर्न मद्दत पुऱ्याउँछ ।

परम्परागत ऐपण/रेखा कला बेजोड प्रस्तुति : ऐपण कलाको मुख्य आत्मा र आधार रेखा कला (लाइन आर्ट) हो । ऐपण कलामा कुनै पनि बुट्टा वा चित्र बनाउँदा रङ भरेर भन्दा पनि विभिन्न प्रकारका रेखा (सिधा, बाङ्गो, गोलाकार र ज्यामितीय रेखाहरू) कोरेर आकृति तयार पारिन्छ । चामलको पिठोको घोल (पिठ्याँ) मा दाहिने हातका तीन वटा आँला (चोर आँला, माझी आँला र साहिँली आँला) चोपेर भुइँ वा भित्तामा स्वतन्त्र रूपमा रेखा तान्दै कला कोरिने गरिन्छ । यसमा बनाइने चौका, स्वस्तिक अन्य मण्डला धेरै जसो समानान्तर र क्रस गरिएका रेखाको संयोजनबाट बनाइन्छन् । हेर्दा यो विशुद्ध रेखाचित्रको रूप देखिन्छ । कलाको रातो पृष्ठभूमि (गेरु वा रातो माटो) मा सेतो रेखा (चामलको घोल वा कमेरो) द्वारा कोरिने एक अत्यन्तै सुन्दर र परम्परागत लोक रेखा बेजोड कला देखिन्छ । यो कला नितान्त मानसखण्डको परम्परागत लोककला हो । प्रत्येक घरका ढोका, सिँढी, दैलो, आँगन र पूजाकोठासम्म लक्ष्मीका पाइलाले सजाइन्छन् । लक्ष्मीपूजाका दिन घरआँगनदेखि भित्र पूजाकोठासम्म रातो माटो र कमेडोले रङ्गोली सिँगारिन्छ ।

कलामा मुख्यतया शङ्ख, चक्र, पद्म (कमलको फूल), स्वस्तिक र देवीदेवताका आसन (चौकी) का आकृति बनाउँछन् । विशेष गरी लक्ष्मी चौकी र गौरी चौकी बनाउने परम्परा अधिक पाइन्छ । यस कार्यलाई छापा लगाउने पनि भनिन्छ । आजभोलि आधुनिक रेडिमेड रङ्गोलीका कारण रङको प्रयोग कम हुन् थालिएको छ । जसले गर्दा ऐपण कलाको आभ्नै विशिष्ट, मौलिक र लोभलाग्दो सुन्दरता र सिप गुम्ने खतरा बढेको छ ।

भैलो पर्व उज्यालोको पर्व पनि हो । शास्त्रीय मान्यता अनुसार कात्तिक कृष्ण औंसीको रात (लक्ष्मीपूजा) देवी लक्ष्मी पृथ्वीलोकमा भ्रमण गर्नुहुन्छ भन्ने लोकमान्यता छ । लक्ष्मीले जहाँ सफा, उज्यालो एवं सिँगारिएको छ । उसै घरमा प्रवेश गर्नुहुन्छ भन्ने मान्यताले बलबुताले भ्याएसम्म सरसफाइ र उज्यालो बनाइन्छ । घरको ढोकादेखि पूजाकोठा वा धन भण्डार (ढुकुटी) सम्म बनाइएका पाइलाले देवी लक्ष्मीलाई घरभित्र आउने मार्गनिर्देश गर्दछ । लक्ष्मी सिधै पूजाकोठामा पुगेर स्थिर भई बसून् भन्ने कामना प्रत्येकको हुन्छ । लक्ष्मीका पाइला बनाउँदा जहिले पनि बाहिरबाट भित्र आउँदै गरेको आकृति मात्र बनाइन्छ । घरबाट बाहिर जाँदै गरेको पाइला कहिल्यै बनाइँदैन । घरमा सुख-समृद्धि भित्रियोस् तर बाहिर नजाओस् भन्ने हुन्छ ।

भैलो परम्पराको परोपकारी पक्ष : भैलो खेलेर खाद्यान (चामल) र पैसा जम्मा गर्ने पारम्परिक चलन छ । भैलाराले भैलो खेलेर खाद्य र सामूहिक कोषको निर्माण गर्छन् । गाउँघर वा टोलका युवकयुवती, आमा समूह, क्लब र विभिन्न संघ संस्थाले मिलेर भैलो खेलेर अर्थ सङ्कलन गर्छन् । सामूहिक भैलो खेलेर जम्मा गरेको रकम साझा सामाजिक कोषका रूपमा जम्मा गरिन्छ । राज्यको मुख नताकी स्थानीयस्तरमै चौतारी, बाटोघाटो, मन्दिर, स्कुल, खानेपानी आदि अति आवश्यक भौतिक पूर्वाधारमा खर्च गर्ने गर्दछन् । नयाँ पुस्ता (बालबालिका र युवा) भैलो खेलेको पैसाले सामाजिक काम गरेको देखेर उनीहरू पनि भैलो खेलेर

»» बाँकी पृष्ठ ५ मा.

पाण्डवखानीमा हिरो कप सम्पन्न

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं. १० पाण्डवखानीमा हिरो कप २०८३ सम्पन्न भएको छ ।

जैलुङ युवा समाजको आयोजनामा सञ्चालित 'हिरो कप २०८३' खेलकुद, सांस्कृतिक तथा सामाजिक कार्यक्रमसहितसम्पन्न भएको छ ।

हिरो कपअन्तर्गत आयोजित पुरुष भलिबल प्रतियोगितामा रमुवा टिम ए ले प्रथम स्थान हासिल गर्दै उपाधि जितेको छ भने सुनपानी टिम दोस्रो भएको छ । कुर्सी दौड प्रतियोगितामा सृष्टि श्रीस प्रथम, मिना घर्ती द्वितिय, र अमृता घर्ती तृतीय भएका छन ।

सामुहिक नृत्य प्रतियोगितामा न्यु घुम्टे एजुकेसनल एकेडेमी प्रथम, मनिका काउचा ग्रुप सोरमने दोस्रो, एक्टिभ ग्रुप बाईगाउ तेस्रो र आयोजक टिम सि सान्त्वना भएका छन् ।

कार्यक्रममा बोल्दै बरिस्ठ समाजसेवी मानसिंह छन्त्याललले युवाहरू संगठित भई समाज रूपान्तरण, संस्कृति संरक्षण तथा विपद्मा परेका नागरिकलाई सहयोग गर्ने कार्यमा सक्रिय हुनु सकारात्मक पक्ष भएको बताए ।

गलकोट नगरपालिका वडा नं. १० का वडा अध्यक्ष काउचाले जैलुङ युवा समाजले खेलकुदसँगै सामाजिक तथा परोपकारी क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा गरेका थिए । कार्यक्रममा समाजप्रति योगदान पुऱ्याएका ज्येष्ठ नागरिक तथा भूतपूर्व खेलाडीहरूलाई सम्मान गरिएको थियो ।

एकल महिला पोषण कार्यक्रम अन्तर्गत कुमारी सुनार र रुनमाया श्रीसलाई बाख्रासमेत वितरण गरिएको थियो भने, रेडक्रस सोसाइटीमार्फत गोठमा आगलागी हुँदा क्षति व्यहोरेका भक्तबहादुर श्रीसलाई राहतस्वरूप नगद रु. ३ हजार हस्तान्तरण गरिएको थियो ।

कार्यक्रम विवेक घर्तीको अध्यक्षता, प्रवीण श्रीसको स्वागत र रावल पुनको सञ्चालनमा सम्पन्न भएको थियो ।

तिहारको मनोवैज्ञानिक सन्देश



✍- पद्मराज जोशी.

नेपाली हिन्दु समाजमा तिहार चाड मात्र होइन, आत्मीयता, कृतज्ञता, प्रकृतिप्रेम र जीवनप्रतिको आशा व्यक्त गर्ने सुन्दर अवसर पनि हो । घरको आँगनमा झिलिमिली बत्ती, ढोकामा सयपत्री र मखमली फूलका माला, भान्सामा सेलरोटीको बास्ना, देउसी-भैलोको गुञ्जन र निधारमा सप्तरंगी टीका आदिले तिहारलाई विशेष बनाउँछन् । तर, यी दृश्यभन्दा पर तिहारभित्र लुकेको गहिरो मनोवैज्ञानिक सन्देश पनि छ ।

हामीले कहिल्यै सोचेका छौं, वर्षाका यी पाँच दिनले हाम्रो मन, सम्बन्ध र सामाजिक जीवनमा कस्तो प्रभाव पार्छन् ? किन हामी कागदेखि कुकुरसम्म, गाईदेखि गोरुसम्म, प्रकृतिदेखि आफ्नै शरीरसम्मलाई सम्मान गर्छौं ? किन दिदीबहिनी र दाजुभाइको सम्बन्धलाई विशेष महत्व दिइन्छ ? किन राति घरघरमा दियो बालिन्छ ? यी प्रश्नको उत्तर खोज्दा तिहार पूर्वीय दर्शन र आधुनिक मनोविज्ञानबीचको सुन्दर सेतुका रूपमा देखिन्छ ।

मनोविज्ञानको दृष्टिले हेर्दा तिहारलाई मानसिक स्वास्थ्य, सामाजिक सम्बन्ध र सामुदायिक सद्भावलाई प्रोत्साहन गर्ने सांस्कृतिक अभ्यासका रूपमा बुझ्न सकिन्छ । यसको अभ्यासले सकारात्मक भावना, आत्मीयता र जीवनको अर्थबोध बढाउन सघाउँछन् ।

तिहारको पौराणिक आधार

तिहार मृत्युका देवता यमराजसँग सम्बन्धित रहेको र कार्तिक कृष्ण त्रयोदशीदेखि पाँच दिनसम्म मनाइने भएकाले यसलाई यमपञ्चक पनि भनिन्छ । नेपाली सांस्कृतिक परम्परामा तिहारको प्रमुख आधार यमराज र उनकी बहिनी यमुनासँग सम्बन्धित कथा हो । लोकपरम्पराअनुसार यमुनाले आफ्ना दाजु यमराजलाई घरमा निमन्त्रणा गरी स्वागत, सत्कार र पूजा गरिन् । दाजुबहिनीबीचको आत्मीयता, प्रेम र शुभकामनाको यो कथा पछि भाइटीकाको परम्परासँग जोडियो ।

यस कथाको मनोवैज्ञानिक अर्थ सुन्दर छ । मृत्यु जीवनको अपरिहार्य सत्य हो, तर मानिसलाई जीवनप्रति आशावादी बनाउने शक्ति प्रेम, सम्बन्ध र आत्मीयतामा हुन्छ । हामीले प्रेम गर्ने मानिसको उपस्थिति, उसको साथ र शुभकामनाले कठिन परिस्थितिमा पनि बाँच्ने हिम्मत दिन्छ ।

तिहारको अर्को लोकप्रिय सांस्कृतिक व्याख्या रामायणसँग जोडिन्छ । भगवान् राम चौध वर्षको वनवासपछि अयोध्या फर्किएको खुसीमा नगरवासीले दीप प्रज्वलन गरेर स्वागत गरेको प्रसंगलाई दीपावलीको प्रकाश परम्परासँग जोडेर सम्झने गरिन्छ । यसले अन्धकारमाथि प्रकाश, अन्यायमाथि न्याय र निराशामाथि आशाको विजयको सन्देश दिन्छ ।

यी कथालाई धार्मिक आस्थाका रूपमा सम्मान गर्दै तिनमा रहेका मानवीय सन्देश बुझ्न सकिन्छ । तिहारको वास्तविक सुन्दरता यही हो, यसले जीवन, मृत्यु, सम्बन्ध, प्रकृति र आशालाई एउटै सांस्कृतिक उत्सवमा जोडेको छ ।

पूर्वीय दर्शन : संसार एउटा परिवार

पूर्वीय दर्शनमा मानिसलाई समाजबाट अलग्गै रहेको व्यक्तिका रूपमा मात्र हेरिँदैन । मानिस परिवार, समुदाय, प्रकृति र समग्र जीवनसँग जोडिएको हुन्छ ।

महाउपनिषद्मा प्रसिद्ध श्लोक छ–

अयं निजः परो वेति गणना लघुचेतसाम् ।
उदारचरितानां तु वसुधैव कुटुम्बकम् ।।

अर्थात्, 'यो आफ्नो हो, त्यो पराइ हो भन्ने सोच सानो र संकीर्ण मन भएका मानिसहरूको हुन्छ । उदार हृदय भएका मानिसहरूका लागि सम्पूर्ण पृथ्वी नै एउटा परिवार हो ।' तिहारमा कागदेखि, कुकुरसम्म, गाईदेखि गोरुसम्मको पूजा गर्नुलाई यही सहअस्तित्वको सांस्कृतिक अभिव्यक्तिका रूपमा बुझ्न सकिन्छ । मानिसले आफ्नो सुखका लागि मात्र होइन, अन्य जीवको अस्तित्व र कल्याणका लागि पनि सोच्नुपर्छ भन्ने सन्देश यसमा पाइन्छ ।

मनोवैज्ञानिक सिद्धान्तको साँचोमा तिहार

अमेरिकी मनोवैज्ञानिक मार्टिन सेलिगम्यानले आफ्नो पुस्तक 'भ्लोरिस'मा मानवीय कल्याण र मानव जीवनको समग्र उन्नतिका लागि एक सिद्धान्त विकास गरेका छन्– पीईआरएमए । यसले प्रस्तुत गर्ने पाँच आधार हुन्– पोजेटिभ इमोसन, इन्गेजमेन्ट, रिलेसनसिप्स, मिनिङ, अचिभमेन्ट ।

तिहारका गतिविधिलाई यी पाँच आधारसँग जोडेर हेर्दा यसको मनोवैज्ञानिक पक्ष अझ स्पष्ट हुन्छ । तर तिहारका पाँच दिन र यो सिद्धान्तका पाँच पक्षबीच एक-एक दिनको वैज्ञानिक सम्बन्ध हुन्छ भन्ने होइन । यो सांस्कृतिक अभ्यासलाई बुझ्ने एउटा उपयोगी व्याख्यात्मक दृष्टिकोण हो ।

यो सिद्धान्तका पाँच आधारबारे क्रमशः चर्चा गरौं ।

सकारात्मक भावना

तिहारको महत्वपूर्ण सन्देश जीवजन्तुप्रतिको माया, करुणा र जिम्मेवारी हो । तिहारमा कागलाई खानेकुरा दिनु, कुकुरलाई पूजा गरेर मिष्ठान्न खुवाउनु, परिवारसँग रमाउनु, मीठा परिकार मिलेर खानु र देउसी-भैलो खेल्नुजस्ता गतिविधिले खुसी, सन्तुष्टि, कृतज्ञता र आत्मीयता साट्ने अवसर दिन्छन् । विशेषगरी कुकुरसँगको आत्मीय व्यवहारले मानिसमा भावनात्मक न्यानोपन उत्पन्न गर्न सक्छ । मानिस र जनावरबीचको सकारात्मक अन्तरक्रियाले तनाव कम गर्न र भावनात्मक स्वास्थ्यमा सहयोग पुऱ्याउन सक्ने अध्ययनहरूले पनि देखाएका छन् । तर हरेक व्यक्तिमा एउटै प्रकारको जैविक प्रतिक्रिया हुन्छ वा कुकुरलाई एक पटक छोएपछि डिप्रेसन निको हुन्छ भन्न मिल्दैन ।

काममा सहभागिता र समन्वय

लक्ष्मीपूजाको तयारीमा घर सफा गर्ने, आँगन सजाउने, माला उन्ने, दियो राख्ने काममा परिवारका सदस्यहरू सहभागी हुन्छन् । मनोविज्ञानमा कुनै अर्थपूर्ण काममा पूर्ण ध्यान र रुचिका साथ संलग्न हुने अवस्थालाई 'इन्गेजमेन्ट' भनिन्छ । चुनौती र सीपबीच उचित सन्तुलन हुँदा यस्तो अनुभव अझ गहिरिएर 'भ्लो स्टेट' अर्थात् कुनै कार्य वा गतिविधिमा व्यक्ति पूर्ण रूपमा तल्लीन हुने र उच्च ऊर्जा तथा उत्साहका साथ संलग्न हुने उत्कृष्ट मानसिक अवस्थासम्म पुग्न सक्छ ।

जब हामी परिवारसँग मिलेर घर सजाउँछौं वा माला उन्छौं, रंगोली बनाउँछौं, यो सामूहिक कामले केही समयका लागि दैनिक तनावबाट ध्यान हटाएर खुसी दिन्छ, सम्बन्धमा थप माधुर्य आउँछ । आफ्नो हातले केही सुन्दर बनाएको अनुभूतिले सन्तुष्टि पनि दिन्छ ।

न्यानो सम्बन्ध

तिहारको विशेष दिन भाइटीकाले दाजुभाइ र दिदीबहिनीबीचको प्रेम, विश्वास पुनः स्मरण गराउँछ र सम्बन्ध थप प्रगाढ बनाउँछ । आधुनिक जीवनमा मानिसहरू रोजगारी, अध्ययन र अवसरको खोजीमा गाउँबाट सहर तथा देशबाट विदेश पुगेका छन् । एउटै परिवारका सदस्यहरू पनि वर्षौंसम्म भेट्न नपाउने अवस्था छ । यस्तो समयमा भाइटीकाको फोन, भिडियो कल, सन्देश वा सम्भव भए प्रत्यक्ष भेटले सम्बन्धमा पुनः आत्मीयता थप्न सक्छ ।

मनोवैज्ञानिक जोन बोल्बीका 'एट्याचमेन्ट थ्योरी'ले मानिसको जीवनमा सुरक्षित र विश्वासिलो सम्बन्धको महत्व देखाउँछ । बाल्यकालदेखि विकसित हुने सुरक्षित सम्बन्धले भावनात्मक विकासमा सहयोग गर्छ । वयस्क जीवनमा पनि विश्वासिलो सम्बन्ध र सामाजिक सहयोगले कठिन परिस्थितिको सामना गर्न मानसिक शक्ति दिन्छ । यसविपरीत एक्लोपन र सामाजिक विच्छेदले मानसिक स्वास्थ्यमा नकारात्मक असर पार्न सक्छ । त्यसैले भाइटीका केवल टीका लगाउने विधि होइन, सम्बन्धलाई पुनः जोड्ने अवसर पनि हो ।

जीवनको अर्थ

गाई तिहार र गोवर्द्धन पूजाले हामीलाई प्रकृति, कृषि, पशुपालन र श्रमको महत्व सम्झाउँछन् । नेपाली समाजको परम्परागत जीवनमा गाई र गोरुले दूध, खेतीपाती, मल र जीविकोपार्जनमा ठूलो योगदान गरेका छन् । गाईलाई माता मान्ने धार्मिक विश्वास र गोरुलाई श्रमको साथीका रूपमा सम्मान गर्ने परम्पराले मानिस र प्रकृतिबीचको अन्तरनिर्भरता उजागर गर्छ । मनोविज्ञानमा आफ्नो जीवनलाई कुनै ठूलो उद्देश्य, मूल्य वा समुदायसँग जोडेर बुझ्ने क्षमतालाई 'मिनिङ इन लाइफ' भनिन्छ । तिहारले हामीलाई प्रकृतिप्रति कृतज्ञ हुन, श्रमको सम्मान गर्न र आफ्नो जीवनको उद्देश्यबारे सोच्न प्रेरित गर्छ ।

उपलब्धि र आत्मसम्मान

हामी अरूको दुःख बुझ्छौं, अरूलाई सान्त्वना दिन्छौं, तर आफ्नो असफलता र पीडामा आफैंलाई कठोर व्यवहार गर्छौं । नेवार समुदायमा मनाइने म्हः पूजाले तिहारको अर्को विशेष मनोवैज्ञानिक पक्ष प्रस्तुत गर्छ । म्हः पूजाले प्रतीकात्मक रूपमा एउटा सुन्दर प्रश्न उठाउँछ– अरूलाई सम्मान गर्ने हामीले आफूलाई कति सम्मान गरेका छौं ? आफ्नो स्वास्थ्य, श्रम, सीप, प्रयास र जीवनप्रतिको जिम्मेवारीलाई सम्मान गर्नु आत्मपूजाको आधुनिक अर्थ हुन सक्छ । आफ्नै शरीर र अस्तित्वलाई सम्मान गर्नु आफैंप्रति सकारात्मक दृष्टिकोण विकास गर्ने अभ्यास हो ।

समग्रमा, तिहारमा दीपावलीको वास्तविक अर्थ उज्यालो घरको चोटा र आँगनमा होइन, मानिसको मनमा बल्नुपर्छ । दियो बाल्नु भनेको घर उज्यालो बनाउनु मात्र होइन, सम्बन्धमा न्यानोपन, व्यवहारमा करुणा र आफ्नै मनमा आशाको प्रकाश जगाउनु पनि हो । सबैको जीवनमा प्रेम, शान्ति, सद्भाव र मानसिक स्वास्थ्यको उज्यालो फैलियोस् ।

पदमराज जोशी मनोवैज्ञानिक हुन्, उनी त्रिभुवन विश्वविद्यालयमा अध्यापनरत छन्। शाभारः कान्तिपुर

दीपावलीको शुभकामना आदानप्रदान

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं. १० पाण्डवखानीमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ ।

नेपाली कांग्रेस वडा कार्यसमिति गलकोट नगरपालिका वडा नं. १०, पाण्डबखानीको आयोजनामा शुभ दीपावली, नेपाल संवत् ११४७ तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधि तिलक घर्तीले शुभ दीपावली, नेपाल संवत् र छठ पर्वजस्ता चाडपर्वहरूले नेपाली समाजमा आपसी सद्भाव, भाइचारा र धार्मिक सहिष्णुता बलियो बनाउने बताए । उनले वर्तमान राजनीतिक परिस्थिति र स्थानीय विकास निर्माणका विषयमा जोड दिँदै कांग्रेस संगठनलाई अझ सुदृढ बनाएर जनपक्षीय काममा लाग्नुपर्नेमा जोड दिए ।

कार्यक्रमका अवसरमा नेपाल प्रेस युनियनका जिल्ला सदस्य सुरेश छन्त्यालले शुभकामना मन्तव्य राख्दै सुवेच्छुक संस्था नेपाल प्रेस युनियन र पार्टी बीचको सुमधुर सम्बन्धबारे जानकारी गराउँदै समाजका विकृति विसङ्गति अन्त्य गर्न र सत्यतथ्य सूचना प्रवाह गर्न प्रेस र राजनीतिक दलबीचको समन्वय अपरिहार्य रहेको बताए ।

कार्यक्रममा वरिष्ठ समाजसेवी मानसिंह छन्त्याल, प्रदेश प्रतिनिधि भक्तबहादुर काउचा, महाधिवेशन प्रतिनिधिहरू राधिका पुन, तिलक घर्ती र रामप्रसाद वि.क. लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रमले स्थानीय स्तरमा पार्टी पंक्तिलाई ऊर्जा थप्नुका साथै आपसी सम्बन्धलाई अझ प्रगाढ बनाएको आयोजकले जनाएको छ ।

कार्यक्रम पार्टीका वडा कार्यसमिति सभापति गंगा बहादुर घर्ती पुनको सभापतित्व, क्षेत्रीय प्रतिनिधि नविन रानाको स्वागत र नगर सह सचिव दिप घर्तीको सञ्चालनमा सम्पन्न भएको थियो

जिल्ला बाल सञ्जालको पुनर्गठन

गलकोटपत्र/बागलुङ

बालअधिकारको क्षेत्रमा सक्रिय रहनका लागि जिल्ला स्तरीय बाल सञ्जालको पुनर्गठन गरिएको छ ।

बागलुङ बजारमा आयोजित जिल्ला बाल सञ्जाल पुनर्गठन कार्यक्रमबाट जैमिनी नगरपालिका-१०, राङ्खानी स्थित राङ्खानी माध्यमिक विद्यालयका श्रीष सर्वसम्मत अध्यक्षमा चयन भएको हो ।

सञ्जालको उपाध्यक्षमा निसीखोला गाउँपालिका-३ स्थित प्रभा माध्यमिक विद्यालयका फूलमाया सुनार, सचिवमा गलकोट नगरपालिका-५ स्थित भैरव माध्यमिक विद्यालयका समिर गौतम, सहसचिवमा अञ्जली केसी, कोषाध्यक्षमा आयुष्मा थापा , सदस्यहरूमा शर्मिला वर्मा, सुदर्शन चालिसे, दिपिना नाइसा मगर, कृषा भुषाल, हसिका महत, अनुसा कँडेल, सुवास्ना केसी, संयोग पन्त, रेश्मा रसाइली र उषा पौडेल रहेका छन ।

एकीकृत सेवा कार्यालय बागलुङको आयोजनामा भएको पुनर्गठन कार्यक्रममा जिल्लाका १० स्थानीय तहबाट पाँच-पाँच जनाका दरले प्रतिनिधिमूलक रूपमा बालबालिकाको सहभागिता रहेको थियो । जिल्ला बाल सञ्जालको कार्यकाल दुई वर्षको हुनेछ । यसअघि २०८२ जेठ २५ गते सञ्जालको अध्यक्षमा संस्कार गौतम रहेका छन ।

जिल्ला बाल सञ्जालले स्थानीय तहमा बालमैत्री विकासका लागि बहस, पैरवी तथा बालबालिकाको सहभागिता अभिवृद्धि गर्नुका साथै बालअधिकारको संरक्षण र प्रचारप्रसारका क्षेत्रमा काम गर्नेछ ।

एकीकृत सेवा कार्यालय बागलुङको आयोजनामा गरिएको पुर्नगठन कार्यक्रममा बागलुङ नगपालिकाका नगर-उपप्रमुख राजु खड्काको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रमको उद्घाटपछि राजु खड्काले बालबालिकाको हित र उनिहरुको अधिकारका लागि एकताबद्ध बालबालिका हुन आवश्यक रहेको बताए ।

कार्यक्रममा बागलुङका प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद आचार्य, एकिकृत सेवा कार्यालयका प्रमुख पारसिङ थापा लगायतले मन्तव्य राखेका थिए ।

देउसी-भैलो कार्यक्रम

गलकोटपत्र/हटिया

जिल्ला प्रहरी कार्यालय बागलुङले तिहारमा खेलिने देउसी-भैलो कार्यक्रमलाई मर्यादित, व्यवस्थित र सुरक्षित बनाउन आग्रह गरेको छ ।

कार्यालयले सूचना जारी गर्दै देउसी-भैलो कार्यक्रम राति १० बजेसम्म मात्रै सञ्चालन गर्न आग्रह गरेको हो । तिहारलाई सभ्य, सुरक्षित, शान्तिपूर्ण र उल्लासमय बनाउन विभिन्न नियम पालना गर्न प्रहरी उपरिक्षक फडिन्द्र प्रसाईले जानकारी दिए । प्रहरीले मादक पदार्थ सेवन गरी देउसी-भैलो खेल्न नपाइने, होहल्ला, झैझगडा तथा शान्ति सुरक्षामा खलल पुग्ने गतिविधि गर्न नहुने जनाएको छ । यस्तै, डिजे, अत्यधिक ठूलो आवाजका लाउडस्पिकर, बाजा तथा अन्य ध्वनि उपकरण प्रयोग नगर्न आग्रह गरेको छ । अस्पताल, विद्यालय र वृद्धाश्रम क्षेत्रमा बाधा पुग्ने गरी कार्यक्रम गर्न नपाइने सूचनामा उल्लेख छ । घरधनी वा जिम्मेवार व्यक्तिको पूर्वस्वीकृति लिएर मात्रै देउसी-भैलो खेल्न, जबर्जस्ती चन्दा तथा दक्षिणा नमाग्न र कसैलाई धम्क्याउने कार्य नगर्न प्रहरीले सचेत गराएको छ ।

पटका, आतिसबाजीलगायत विस्फोटक तथा आगलागीको जोखिम हुने सामग्री प्रयोग, बिक्री र ओसारपसार नगर्न, सडक तथा फुटपाथमा आवागमन अवरुद्ध नगर्न र बालबालिकालाई अभिभावकको निगरानीमा राख्न आग्रह गरिएको छ ।

जातजाति, धर्म र संस्कृतिविरुद्ध घृणा फैलाउने गीत तथा गतिविधि नगर्नसमेत प्रहरीले अनुरोध गरेको छ । कुनै विवाद, आगलागी वा शंकास्पद गतिविधि भएमा नजिकको प्रहरी कार्यालय वा प्रहरीको आपत्कालीन नम्बर १०० मा सम्पर्क गर्न जिल्ला प्रहरी कार्यालयले आग्रह गरेको छ ।

तिहारको प्यार



भरत विवश पौडेल

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषताले सम्पन्न देश हो। यहाँ मनाइने हरेक चाडपर्वको आफ्नै ऐतिहासिक पृष्ठभूमि, धार्मिक मान्यता, सामाजिक सन्देश र सांस्कृतिक महत्व छ। यिनै पर्वहरूमध्ये तिहार नेपाली समाजको मन, भावना र सम्बन्धसँग सबैभन्दा नजिक जोडिएको एउटा सुन्दर पर्व हो। तिहार उज्यालोको पर्व हो, फूलको पर्व हो, प्रकृतिप्रतिको सम्मानको पर्व हो, पशुपक्षीप्रतिको प्रेमको पर्व हो र सबैभन्दा महत्वपूर्ण कुरा, पारिवारिक आत्मीयता तथा दाजुभाइ दिदीबहिनीबीचको अटुट स्नेहको पर्व हो।

तिहार आउनासाथ घरआँगन सयपत्री र मखमली फूलले सजिन्छन्। घरका ढोका, झ्याल र आँगनमा दियो र बत्तीहरू झिलिमिली हुन्छन्। गाउँबस्तीमा देउसीभैलोका स्वर गुञ्जिन थाल्छन्। बालबालिकादेखि वृद्धवृद्धासम्म सबैको अनुहारमा छुट्टै उत्साह र उमङ्ग देखिन्छ। वर्षभरि आ-आफ्नो काम र जिम्मेवारीमा व्यस्त रहेका परिवारका सदस्यहरू एकै ठाउँमा भेला हुन्छन्। टाढा रहेका आफन्तहरू घर फर्किन्छन्। यसरी तिहार केवल एउटा धार्मिक पर्वमा सीमित रहँदैन, यो बिछोडिएका मनहरूलाई जोड्ने, सम्बन्धहरूलाई नवीकरण गर्ने र जीवनमा प्रेमको उज्यालो छर्ने उत्सव बन्न पुग्छ।

तिहारको इतिहास र उत्पत्तिबारे विभिन्न धार्मिक, सांस्कृतिक तथा लोकमान्यताहरू प्रचलित छन्। यसको एउटै निश्चित ऐतिहासिक सुरुवात मिति प्रमाणित नभए पनि हिन्दू धर्मग्रन्थ, पौराणिक आख्यान र प्राचीन लोकपरम्पराहरूमा यस पर्वसँग मिल्दाजुल्दा प्रसङ्गहरू पाइन्छन्।

तिहारलाई दीपावली पनि भनिन्छ। संस्कृत भाषाको ‘दीपु र आवली’ शब्दबाट दीपावली बनेको मानिन्छ, जसको अर्थ दीपहरूको पङ्क्ति अर्थात् उज्यालोको लहर भन्ने हुन्छ। अन्धकारमाथि प्रकाशको, असत्यमाथि सत्यको र अधर्ममाथि धर्मको विजयको प्रतीकका रूपमा दीपावली मनाउने परम्परा विकसित भएको पाइन्छ।

पौराणिक मान्यताअनुसार भगवान् श्रीरामले रावणमाथि विजय प्राप्त गरी चौध वर्षको वनवास पूरा गरेर अयोध्या फर्कनुभएको खुसीयालीमा अयोध्यावासीले दीप प्रज्वलन गरी स्वागत गरेका थिए। यस घटनालाई दीपावलीसँग जोडेर व्याख्या गर्ने प्रचलन छ। त्यस्तै, भगवान् विष्णुले नरकासुर नामक दैत्यको वध गरी बन्दी बनाइएका हजारौँ स्त्रीहरूलाई मुक्त गराउनुभएको प्रसङ्ग पनि दीपावलीको धार्मिक महत्वसँग जोडिन्छ। नरक चतुर्दशीका रूपमा मनाइने दिनले अन्याय, अत्याचार र दुष्ट प्रवृत्तिमाथि विजयको सन्देश दिन्छ। अर्कोतर्फ, समुद्र मन्थनबाट माता लक्ष्मी प्रकट हुनुभएको पौराणिक प्रसङ्ग पनि तिहारको लक्ष्मीपूजासँग सम्बन्धित छ। त्यसैले धन, ऐश्वर्य, समृद्धि र सुखशान्तिकी देवी लक्ष्मीको पूजा गरी घरमा स्वागत गर्ने परम्परा बसेको विश्वास गरिन्छ।

यी विभिन्न पौराणिक प्रसङ्गहरूले तिहारलाई धार्मिक आस्था, नैतिकता, सदाचार र सकारात्मक जीवनदृष्टिसँग जोडेको देखिन्छ। नेपाली समाजमा तिहारलाई यमपञ्चकका रूपमा पनि चिनिन्छ। यमपञ्चक भन्नाले यमराजसँग सम्बन्धित पाँच दिनको पर्व भन्ने बुझिन्छ। सामान्यतया कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म पाँच दिन यस पर्वको मुख्य धार्मिक अनुष्ठान सञ्चालन हुन्छ। यमपञ्चकको नामसँग जोडिएको एउटा प्रचलित पौराणिक कथा यमराज र उनकी बहिनी यमुनासँग सम्बन्धित छ।

कथाअनुसार यमराज र यमुनाबीच अत्यन्त गहिरो आत्मीय सम्बन्ध थियो। यमुनाले आफ्ना दाजुलाई लामो समयदेखि भेट्न नपाएकाले घरमा बोलाएर सत्कार गर्ने इच्छा व्यक्त गरिन्। बहिनीको निमन्त्रणालाई स्वीकार गरी यमराज उनको घर पुगे। यमुनाले दाजुको स्वागतसत्कार गरिन्, पूजा गरिन् र माला तथा टीका लगाइदिइन्। दाजुबहिनीबीच प्रेम, सद्भाव र आत्मीयता साटासाट भयो।

यमुनाको प्रेम र सत्कारबाट प्रसन्न भएका यमराजले वरदान माग्न आग्रह गरे। यमुनाले प्रत्येक वर्ष यही दिन दाजु आफ्नो घरमा आएर टीका ग्रहण गरून् र यसरी दिदीबहिनीको माया तथा सम्बन्ध सधैँ अमर रहोस् भन्ने कामना गरिन्। यही धार्मिक विश्वासबाट भाइटीकाको परम्परा सुरु भएको मानिन्छ।

यस कथाले तिहारको अन्तिम दिनलाई मात्र होइन, सम्पूर्ण पर्वलाई पारिवारिक प्रेम र सम्बन्धको उत्सवका रूपमा बुझ्न प्रेरित गर्छ। तिहारको पहिलो दिन काग तिहार हो। हिन्दू धार्मिक मान्यतामा कागलाई यमराजको सन्देशवाहकका रूपमा लिइन्छ। कागले शुभ तथा अशुभ समाचार ल्याउने विश्वास पनि लोकपरम्परामा पाइन्छ।

यस दिन बिहानै कागलाई मीठा खानेकुरा, भात र अन्य परिकार दिएर पूजा गर्ने चलन छ। कागलाई बोलाएर खाना खुवाउनु केवल धार्मिक कर्मकाण्ड मात्र होइन, यो प्रकृतिमा रहेका चराचुरुङ्गीप्रतिको सम्मान र सहअस्तित्वको प्रतीक पनि हो।

मानिसले आफ्नो जीवनलाई मात्र केन्द्रमा राखेर संसारलाई हेर्नु हुँदैन। हाम्रो वरिपरि रहेका साना चराचुरुङ्गीदेखि ठूला जीवजन्तुसम्म सबैको प्रकृतिमा आ-आफ्नो भूमिका हुन्छ। कागले वातावरण सफा राख्न र जैविक सन्तुलन कायम गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ। त्यसैले काग तिहारले प्रकृतिका हरेक प्राणीको अस्तित्व र महत्वलाई स्वीकार गर्न सिकाउँछ।

तिहारको दोस्रो दिन कुकुर तिहार मनाइन्छ। कुकुरलाई मानिसको सबैभन्दा विश्वासिलो साथीका रूपमा लिइन्छ। यसले घरको सुरक्षा गर्छ, मानिसलाई साथ दिन्छ र आफ्नो मालिकप्रति असीम निष्ठा देखाउँछ।

धार्मिक मान्यताअनुसार कुकुरलाई यमराजको द्वारपालका रूपमा पनि लिइन्छ। महाभारतमा स्वर्ग जाने यात्राका क्रममा युधिष्ठिरसँग अन्तिमसम्म साथ दिने कुकुरको प्रसङ्गले पनि कुकुरको निष्ठा र आत्मीयतालाई विशेष अर्थ दिएको छ। यस दिन कुकुरलाई माला लगाइदिने, टीका लगाउने र मीठो खानेकुरा खुवाउने गरिन्छ।

कुकुर तिहारले हामीलाई एउटा महत्वपूर्ण पाठ सिकाउँछ-प्रेम र निष्ठा व्यक्त गर्न भाषा, जाति, धर्म वा मानव हुनु नै आवश्यक छैन। मौन प्राणीहरूले पनि मानिसलाई निस्वार्थ प्रेम र साथ दिन सक्छन्।

आजको समयमा सडकमा रहेका असहाय कुकुरहरूप्रति पनि माया, दया र संरक्षणको भावना विकास गर्नु नै यस पर्वको वास्तविक मर्म हो।

तिहारको तेस्रो दिन गाई तिहार र लक्ष्मीपूजा मनाइन्छ। हिन्दू धर्ममा गाईलाई माता तथा पवित्र प्राणीका रूपमा सम्मान गरिन्छ। गाईले दूध, दही, घिउलगायतका पौष्टिक वस्तु प्रदान गर्नुका साथै परम्परागत कृषि प्रणालीमा पनि महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। यस दिन गाईलाई माला लगाइदिने, टीका लगाउने र मीठा परिकार खुवाएर पूजा गर्ने परम्परा छ।

यही दिन साँझ धनधान्य, ऐश्वर्य र समृद्धिकी देवी माता लक्ष्मीको पूजा गरिन्छ। घरआँगन सफा गरिन्छ। ढोकादेखि पूजाकोठासम्म रङ्गोली तथा फूलले सजाइन्छ। घरको मूलढोकामा दियो बालिन्छ। कतिपय स्थानमा घरको छानादेखि आँगनसम्म लक्ष्मीलाई घरभित्र प्रवेश गराउन बाटो बनाउने चलन छ।

लक्ष्मीपूजाको अर्को सुन्दर पक्ष भनेको सरसफाइ र व्यवस्थापन हो। सफा, सुन्दर र व्यवस्थित घरमा लक्ष्मीको बास हुन्छ भन्ने विश्वासले मानिसलाई आफ्नो घरपरिवार र वातावरण सफा राख्न प्रेरित गर्छ। तर समृद्धि भन्नाले केवल धनसम्पत्ति र आर्थिक सम्पन्नता मात्र बुझ्नु हुँदैन। परिवारमा प्रेम, मनमा सन्तोष, समाजमा सद्भाव, शरीरमा स्वास्थ्य र जीवनमा इमानदारी हुनु पनि वास्तविक लक्ष्मीको प्राप्ति हो।

तिहारको चौथो दिन गोवर्धन पूजा र गोरु तिहार मनाइन्छ। गोवर्धन पूजाको सम्बन्ध भगवान् श्रीकृष्णसँग जोडिएको छ। पौराणिक कथाअनुसार गोकुलवासीहरू परम्पराअनुसार इन्द्रको पूजा गर्थे। भगवान् श्रीकृष्णले प्रकृति, वनजङ्गल, पहाड, पशुपक्षी र कृषि जीवनको आधार भएको गोवर्धन पर्वतको महत्व बुझाउँदै त्यसको पूजा गर्न प्रेरित गर्नुभयो। यसबाट क्रोधित भएका इन्द्रले गोकुलमा ठूलो वर्षा र आँधीबेहरी गराए। त्यतिबेला भगवान् श्रीकृष्णले गोवर्धन पर्वतलाई आफ्नो कान्छी औँलाले उठाएर सम्पूर्ण गोकुलवासी र पशुहरूलाई संरक्षण दिनुभएको धार्मिक कथा प्रचलित छ। यस घटनाले प्रकृतिको संरक्षण, अहंकारको अन्त्य र सामूहिक सुरक्षाको सन्देश दिन्छ।

नेपाली समाजमा यस दिन गोरुको पनि विशेष पूजा गरिन्छ। परम्परागत कृषि प्रणालीमा गोरुले खेत जोत्न, अन्न उत्पादन गर्न र ग्रामीण अर्थतन्त्रलाई गतिशील बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। कृषिप्रधान नेपाली समाजमा गोरु केवल एउटा पशु होइन, किसानको श्रमसाथी हो। त्यसैले यस दिन गोरुलाई माला लगाउने, टीका लगाउने र मीठो खानेकुरा खुवाउने गरिन्छ। नेवार समुदायमा यसै दिन म्हःपूजा अर्थात् आत्मपूजा गर्ने विशिष्ट परम्परा पनि छ। यसले मानिसले आफ्नै अस्तित्व, शरीर, मन र जीवनको सम्मान गर्नुपर्छ भन्ने सन्देश दिन्छ।

तिहारको पाँचौँ दिन भाइटीका मनाइन्छ। यो पर्वको सबैभन्दा भावनात्मक, आत्मीय र पारिवारिक पक्ष हो। यस दिन दिदीबहिनीले दाजुभाइलाई सप्तरङ्गी टीका लगाइदिन्छन्, माला पहिऱ्याउँछन्, मिठाई तथा विभिन्न परिकार खुवाउँछन् र दीर्घायु, सुस्वास्थ्य तथा सुखसमृद्धिको कामना गर्छन्। दाजुभाइले पनि दिदीबहिनीलाई उपहार, दक्षिणा र माया प्रदान गर्छन्। यसरी एकअर्काप्रतिको प्रेम, सम्मान, विश्वास र सद्भाव प्रकट गरिन्छ।

भाइटीकामा प्रयोग गरिने सप्तरङ्गी टीकाका रङहरूले जीवनका विविधता, उमङ्ग, खुसी र सकारात्मकताको प्रतिनिधित्व गर्छन् भन्ने सांस्कृतिक व्याख्या गरिन्छ। मखमली फूलको माला लामो समयसम्म नओइलाउने भएकाले दाजुभाइ दिदीबहिनीको सम्बन्ध पनि सधैँ टिकिरहोस् भन्ने प्रतीकात्मक कामना यसमा जोडिएको छ। त्यस्तै, ओखर फुटाउने परम्परा, तेलको धाराले छेक्ने र दाजुभाइको दीर्घायुको कामना गर्ने धार्मिक विधिहरू पनि प्रचलित छन्। भाइटीका केवल टीका लगाउने दिन होइन। यो विगतका सम्झना ताजा गर्ने, बाल्यकालका रमाइला क्षणहरू सम्झने, आपसी मनमुटाव हटाउने र भविष्यमा पनि एकअर्काको सुखदुःखमा साथ दिने प्रतिबद्धता व्यक्त गर्ने दिन हो।

तिहारको सबैभन्दा सुन्दर पक्ष दाजुभाइ र दिदीबहिनीबीचको आत्मीयता हो। संसारका धेरै सम्बन्धहरू जन्म, विवाह, सामाजिक दायित्व वा परिस्थितिले निर्माण गर्छन्। तर दाजुभाइ र दिदीबहिनीबीचको सम्बन्ध जन्मसँगै जोडिएर आउने एउटा स्वाभाविक र भावनात्मक सम्बन्ध हो।

बाल्यकालमा सँगै खेलेका खेल, सँगै खाएका खाना, साना कुरामा गरेका झगडा, एकअर्कालाई जिस्क्याएका क्षण, आमाबुबाको गालीबाट जोगाउन गरेको सहयोग र सँगै बिताएका अनगिन्ती सम्झनाहरू यस सम्बन्धका अमूल्य सम्पत्ति हुन्। बाल्यकालमा सामान्य लागेका ती क्षणहरू समय बित्दै जाँदा जीवनका सबैभन्दा मूल्यवान् सम्झना बन्न पुग्छन्।

विवाहपछि दिदीबहिनी आफ्नो घरपरिवारमा व्यस्त हुन्छन्। दाजुभाइ पनि आफ्नो पेसा, व्यवसाय र जिम्मेवारीमा लाग्छन्। भौगोलिक दूरी बढ्छ, भेटघाट कम हुन्छ, फोन र सामाजिक सञ्जालमा सीमित कुराकानी हुन सक्छ। तर भाइटीकाले ती सबै दूरीलाई केही समयका लागि भए पनि मेटाउने अवसर प्रदान गर्छ। दिदीले भाइको निधारमा टीका लगाउँदा केवल रङ लगाएकी हुँदिनन्, उसप्रतिको माया, आशीर्वाद र शुभकामना व्यक्त गरिरहेकी हुन्छिन्। भाइले दिदीको हातबाट टीका ग्रहण गर्दा केवल परम्परा पूरा गरिरहेको हुँदैन, उसले आफ्नो बाल्यकाल, परिवार र आत्मीयताको एउटा महत्वपूर्ण हिस्सा पुनः अनुभव गरिरहेको हुन्छ।

कहिलेकाहीँ वर्षौँदेखि नभेटिएका दाजुभाइ दिदीबहिनी भाइटीकाको दिन भेट्दा आँखामा आँसु आउँछ। त्यो आँसु दुःखको मात्र हुँदैन, प्रेम, सम्झना, खुसी र आत्मीयताको सम्मिश्रण हुन्छ। त्यसैले तिहारलाई केवल चाडपर्वको रूपमा होइन, मानवीय सम्बन्धलाई जीवन्त राख्ने एउटा सुन्दर अवसरका रूपमा बुझ्नुपर्छ।

तिहारको चर्चा गर्दा एउटा संवेदनशील र महत्वपूर्ण पक्षलाई बिर्सनु हुँदैन। सबैका लागि भाइटीका समान रूपमा खुसीको अवसर मात्र हुँदैन। कसैका दाजुभाइ हुँदैनन्, कसैका दिदीबहिनी हुँदैनन्। कसैले जन्मदेखि नै दाजुभाइ वा दिदीबहिनीको अभाव महसुस गरेका हुन्छन् भने कसैले दुर्घटना, रोग वा अन्य कारणले आफ्ना प्रियजन गुमाएका हुन्छन्। कतिपयको दाजुभाइ वा दिदीबहिनी विदेशमा हुन्छन्। कतिपयको पारिवारिक सम्बन्ध राम्रो नहुन सक्छ। अरूका घरमा दिदीबहिनीले दाजुभाइलाई टीका लगाइदिएको, माला पहिऱ्याएको र खुसी साटेको दृश्य देख्दा दाजुभाइ वा दिदीबहिनी नहुने मानिसको मनमा पनि अनेकौँ भावना उत्पन्न हुन सक्छन्। यस्तो अवस्थामा तिहारको वास्तविक मर्मलाई अझ फराकिलो रूपमा बुझ्न आवश्यक छ।

यहाँ एउटा कुरा विशेष रूपमा बुझ्नुपर्छ-दाजुभाइ र दिदीबहिनीको सम्बन्ध केवल एउटै आमाबुबाबाट जन्मिएको जैविक सम्बन्धमा मात्र सीमित हुँदैन। माया, विश्वास, सम्मान, सहयोग र आत्मीयताबाट पनि दाजुभाइ तथा दिदीबहिनीजस्तै सम्बन्ध निर्माण हुन सक्छ।

तिहारको महत्व धार्मिक पक्षमा मात्र सीमित छैन। यसले नेपाली समाजको सामाजिक, सांस्कृतिक र आर्थिक जीवनमा समेत उल्लेखनीय प्रभाव पारेको छ। सामाजिक महत्व स् तिहारले परिवार, आफन्त, छिमेकी र समुदायबीचको सम्बन्धलाई बलियो बनाउँछ। देउसीभैलो, सामूहिक पूजा, भेटघाट र शुभकामना आदानप्रदानले सामाजिक एकता र सहकार्यको भावना विकास गर्छ।

सांस्कृतिक महत्व स् तिहारले नेपाली मौलिक गीत, सङ्गीत, नृत्य, लोककला, परम्परा र संस्कारको संरक्षण गर्छ। देउसीभैलो यस पर्वको विशेष सांस्कृतिक पहिचान हो। पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको यो परम्पराले नयाँ पुस्तालाई आफ्नो संस्कृति र पहिचानसँग जोड्छ। प्राकृतिक महत्व स् काग, कुकुर, गाई र गोरुको पूजा गर्ने परम्पराले मानिसबाहेक अन्य जीवजन्तुको अस्तित्व र योगदानलाई पनि स्वीकार गर्छ। यसले प्रकृतिसँगको सहअस्तित्व र पर्यावरणीय सन्तुलनको महत्व सम्झाउँछ।

आर्थिक महत्व स् तिहारका बेला फूल, माला, फलफूल, मिठाई, लत्ताकपडा, खाद्यान्न, सजावटका सामग्री र अन्य वस्तुको कारोबार बढ्छ। किसान, फूल उत्पादक, साना व्यवसायी, हस्तकला उद्यमी र व्यापारीहरूका लागि यो आर्थिक गतिविधिको महत्वपूर्ण समय हो। मनोवैज्ञानिक महत्व स् तिहारले मानिसलाई दैनिक तनाव, कामको व्यस्तता र एक्लोपनबाट केही समय टाढा राखेर खुसी, उत्साह र सकारात्मकता प्रदान गर्छ। परिवारसँग समय बिताउन पाउनु मानसिक सन्तुष्टि र भावनात्मक स्वास्थ्यका दृष्टिले पनि महत्वपूर्ण हुन्छ।

समय परिवर्तनसँगै तिहार मनाउने शैलीमा पनि परिवर्तन आएको छ। पहिले गाउँघरमा मादल, बाँसुरी र स्थानीय बाजागाजाका साथ देउसीभैलो खेलिन्थ्यो। अहिले आधुनिक धुन, विद्युतीय बाजा र रेकर्ड गरिएका गीतहरूले स्थान लिन थालेका छन्। पहिले दियो र पाला बालेर घर उज्यालो बनाइन्थ्यो भने अहिले विद्युतीय बत्ती र विभिन्न सजावटका सामग्री प्रयोग गरिन्छ। सञ्चार प्रविधिको विकाससँगै टाढा रहेका दाजुभाइ दिदीबहिनीले भिडियो कलबाट पनि टीका लगाउने र शुभकामना साट्ने गरेका छन्। परिवर्तन आफैँमा नराम्रो होइन। समयअनुसार परम्परामा केही परिवर्तन हुनु स्वाभाविक हो। तर परिवर्तनका नाममा मौलिकता, सामाजिक सद्भाव र सांस्कृतिक पहिचान हराउनु हुँदैन।

तिहार मनाउने क्रममा अनावश्यक तडकभडक, देखासिकी, आर्थिक प्रतिस्पर्धा, जुवातास, पटका तथा ध्वनि र वायु प्रदूषणजस्ता विकृतिलाई निरुत्साहित गर्नुपर्छ। चाडपर्वले मानिसलाई खुसी दिनुपर्ने हो, आर्थिक बोझ र सामाजिक प्रतिस्पर्धाको दबाब दिनु हुँदैन। देउसीभैलो खेल्दा पनि संस्कृतिको संरक्षण, सामाजिक सन्देश र मानवीय सद्भावलाई प्राथमिकता दिनुपर्छ। फूल र स्थानीय उत्पादनको प्रयोगलाई प्रोत्साहन गर्दै स्वदेशी उत्पादनको प्रवर्द्धन गर्न सकिन्छ। तिहारको सार बाहिरी झिलिमिलीमा मात्र होइन, मानिसको मनभित्र बल्ने प्रेम, सद्भाव र सदाचारको उज्यालोमा छ।

तिहार हाम्रो इतिहास, धर्म, संस्कृति, प्रकृति र पारिवारिक सम्बन्धको सुन्दर सङ्गम हो। यसले हामीलाई धेरै कुरा सिकाउँछ। कागबाट सन्देशको महत्व, कुकुरबाट निष्ठा, गाईबाट पोषण र पवित्रता, गोरुबाट श्रमको सम्मान, गोवर्धनबाट प्रकृतिको संरक्षण र भाइटीकाबाट आत्मीयता तथा प्रेमको शिक्षा प्राप्त हुन्छ।

तिहारको पाँचदिने यात्राले मानिसलाई आफ्नो परिवारबाट सुरु गरेर समग्र प्रकृति र समाजसम्मको सम्बन्ध बुझ्न प्रेरित गर्छ। यस पर्वले हामीलाई आफू मात्र खुसी भएर पुग्दैन, आफू वरिपरिका प्राणी, आफन्त र समाज पनि खुसी हुनुपर्छ भन्ने मानवीय सन्देश दिन्छ। विशेषगरी दाजुभाइ र दिदीबहिनीबीचको सम्बन्ध तिहारको सबैभन्दा सुन्दर

>>> बाँकी पृष्ठ ५ मा.

गलकोट...

संयोजक कृष्ण प्रसाद गौतमले आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत शिक्षा उपसमितिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रमको अवसरमा मासिक बचतकर्ता तर्फ रुपा पुन श्रीस, टम बहादुर बस्नेत, दैनिक बचतकर्ता मिना गौतम, हेम बहादुर खत्री, मुद्धती बचततर्फ कमल बोहोरा, दुर्गालक्ष्मी श्रेष्ठ, ज्येष्ठ नागरिक बचततर्फ दुर्गा प्रसाद श्रेष्ठ, बाल बचतकर्ता सन्तृष्टि उप्रेती, वियन थापालाई सम्मान गरीएको थियो । ३ हजार २सय ६ जना शेयर सदस्य रहेको सहकारीले आर्थिक वर्ष २०८२/०८३ मा ४७ करोड ५१ लाख १७ हजार ८ सय ३२ रुपैयाँ १८ पैसाको कारोबार गरेको छ । कार्यक्रम गलकोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष हरिसिंह भण्डारीको अध्यक्षता, उपाध्यक्ष छविलाल शर्माको स्वागत र सचिव वीर बहादुर बोहोरा क्षत्रीको सञ्चालनमा सम्पन्न भएको थियो ।

नगरपालिकाद्वारा...

सुनारको लामो समयसम्म खोजी गर्दा पनि शव फेला पर्न सकेको थिएन । शव नभेटिएपछि परिवार तथा आफन्तजनले गत कार्तिक १० गते कुशको शव बनाएर धार्मिक परम्पराअनुसार अन्त्येष्टि गरेका थिए । स्वर्गीय सुनारको परिवारमा बुबाआमा, भाइ, श्रीमती, एक छोरा र एक छोरी रहेका छन् ।

भैलोको...

समाजप्रतिको उत्तरदायित्व र परोपकारको भावना जगाउँछन् भन्ने आशा हुन्छ । भैलोबाट सङ्कलित रकमलाई आपत्कालीन कल्याणकारी कोष बनाएर राख्छन् । गाउँमा कसैलाई भवितव्य पर्दा, बिरामी हुँदा, दैवी प्रकोप आउँदा तुरुन्तै आर्थिक सहायता प्रदान गर्छन् ।

आधुनिक परिवेशमा भैलोको चुनौती : आधुनिक समयमा भैलोको परम्परागत र सामाजिक स्वरूपमा ठुलो परिवर्तन आएको छ । उहिले जस्तो गाउँघरमा आपसी भाइचारा र सामाजिक सेवाको माध्यमभन्दा यसको उद्देश्य, शैली र प्रस्तुतिमा गम्भीर चुनौती र विकृति थपिएका छन् ।हराउँदै सांस्कृतिक मौलिकता : अहिले भैलोका लोकगीतभन्दा आधुनिक गीतको दबदबा बढ्दो छ । पारम्परिक भैलो गीत हराउँदै गएको छ । भैलोका रैथाने लोकभाका, मादलको ताल र मौलिक टुक्का कम सुनिन्छन् । आजभोलि मादल र बाँसुरीको ठाउँ ठुला साउन्ड सिस्टम, पप, च्याप, डिस्को आदिले लिइरहेको छ । भैलोका पात्रहरू लोप : भैलो खेल्ने समूहलाई भैलारा भनिन्छ । समूहमा भैलो भट्याउने मुख्य नायक हुन्छ । उसले भैलो लोकगीत र आशिष् भट्याउँछ । अन्य सहभागीले भैलो (पुरुष समूह), भैली (महिला समूह) भन्ने गर्छन् । सिस दिँदा सोही अनुसारको विशेष आशीर्वादको भाका हुन्छ । भैलोमा अर्को महत्वपूर्ण पात्र 'गोद्या' हुन्छ । जसले उपहार (खाद्यान्न, फलफूल, मिष्ठान्न र पैसा) राख्ने गर्दछ । अहिले इलेक्ट्रोनिक डिभाइसबाट गाउने हुँदा भैलाका पात्र पहिचान हुँदैनन् । व्यापारिकीकरण र जबरजस्ती असुली : पहिले पहिले घरधनीले खुसीले दिएको (सेलरोटी, चामल, दक्षिणा) थापेर चित्त बुझाएर सिस दिएर बिदावारी हुन्थे । आजभोलि भैलाराले चाहेको रकम नपाएपछि अनेकन विवाद गर्ने, अपमान गर्ने गर्छन् ।

सामाजिक विकृति र उच्छृ□लता : सङ्कलित रकम सार्वजनिक कार्यमा लगानी नलगी वनभोज, रक्सी अन्य लागुपदार्थ सेवन गर्ने र मनोरञ्जनमै सिध्याउने प्रवृत्ति बढेको छ । राति अबेरसम्म ठुलो आवाजमा स्पिकर बजाएर बिरामी, वृद्धवृद्धा, बालबालिका आदिलाई बाधा पुग्ने गरेको छ । मादक पदार्थ सेवन गरेर आपसी झगडा र दुर्घटना हुने गरेका छन् । समय परिवर्तनसँगै प्रस्तुतिमा आधुनिकता आउनु स्वाभाविक भए पनि यसको मूल मर्म मारिनु हुँदैन । सबैको भलो चिताउने, सामाजिक कार्यमा हातेमालो गर्ने र संस्कृतिको रक्षा गर्ने पाटोलाई अक्षुण्ण राखिनु पर्छ । आपसी रिसराग त्यागेर समाजलाई एकताको सूत्रमा बाँध्ने, अरूको मङ्गल कामना (भलो) गर्ने र सामूहिक रूपमा सामाजिक हितका कार्यमा योगदान पुऱ्याउने माध्यम बनाउनु पर्छ । संस्कृति र पहिचानको संरक्षण गर्दै निःस्वार्थ भावनाले समाजको सेवा गर्न प्रेरित भई मौलिकतालाई बचाइराख्नु आजको आवश्यकता र भैलोको सन्देश हो । शाभार: गोरखापत्र

आमा समूहलाई तौल मेसिन

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं ४ भयरखर्कमा सुत्केरी महिला भेटघाट तथा स्वास्थ्य सचेतना कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

बौर आधारभूत स्वास्थ्य सेवा केन्द्रको समन्वयमा सामुदायिक क्लब भयरखर्कका पूर्व अध्यक्ष टीकाराम नेपालीले सफल एकता स्वास्थ्य आमा समूह भयरखर्कलाई एक थान तौल मेसिन हस्तान्तरण गरेका हुन ।

बौर आधारभूत स्वास्थ्य सेवा केन्द्रले उत्तरप्रसूति सेवा अन्तर्गत अनुषा परियार नेपाली र नवजात शिशुको स्वास्थ्य परीक्षण गरेको छ । स्वास्थ्य केन्द्रले आमा र बच्चा दुवैको स्वास्थ्य अवस्था जाँच गर्नुका साथै आवश्यक स्वास्थ्य परामर्शसमेत प्रदान गरेको थियो

सुत्केरी भेटघाटका क्रममा सफल एकता स्वास्थ्य आमा समूहको तर्फबाट सुत्केरी नेपालीलाई एक क्यारेट अण्डा तथा फलफूलसमेत वितरण गरिएको थियो । गलकोट नगरपालिका-४ मा स्वास्थ्य आमा समूहका पदाधिकारीहरूले करिब दुई वर्षदेखि काश्रेली तथा स्वास्थ्य सामग्रीसहित सुत्केरी भेटघाट कार्यक्रम निरन्तर सञ्चालन गर्दै आएका छन् भने यस कार्यक्रमले सुत्केरी महिला र समूहबीच आत्मीयता, एकता तथा अपनत्वको भावना विकास गर्नुका साथै सुत्केरी अवस्थामा महिलालाई आवश्यक मानसिक तथा भावनात्मक साथ प्रदान गरिरहेको बौर आधारभूत स्वास्थ्य सेवा केन्द्रका प्रमुख गणेश सुनारले बताए ।

उक्त अवसरमा सुत्केरी महिलाकी सासू पम्फा नेपालीले स्वास्थ्य आमा समूहलाई एक थान बाफ लगाउने मेसिन प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन ।

तिहारे मेलालाई बाद्यवादन

गलकोटपत्र/हटिया

जनहित कला केन्द्र गलकोट नगरपालिका वडा नं. ७ को तीहारेमेला २०८३ को तयारी बैठक तथा बाद्यवादन हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।

आर्थिक वर्ष २०८२/०८३ को कार्ययोजना अनुसार गलकोट नगरपालिका ७ नं. वडा कार्यालयबाट २ लाख ५० हजार बराबरको बाद्यवादन सामाग्री वडा अध्यक्ष राज बहादुर थापाले संस्थालाई हस्तान्तरण गर्नुभएको थियो ।

कार्यक्रममा बोल्दै गलकोट नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष राज बहादुर थापाले आगामी दिनमा संस्थालाई कला संस्कृति र खेलकुदको क्षेत्रमा अगाडि बढाउ सबैले पहल गर्नुपर्ने बताए । अवसरमा संस्थाका सल्लाहकार सदस्य सुवेदार गंगा बहादुर खड्का, संस्थापक अध्यक्ष ज्ञान बहादुर थापा, राष्ट्रिय कलाकार ईश्वर सिंह, संस्थापक सदस्य घनश्याम थापाले शुभकामना मन्तव्य राखेका थिए कार्यक्रम संस्थाका अध्यक्ष सरोज थापाको अध्यक्षता, सल्लाहकार सदस्य सुवेदार मिन बहादुर थापाको स्वागत र सचिव हेम बहादुर थापाको सञ्चालनमा सम्पन्न भएको थियो । क्लवको तिहारे मेला आगामि कार्तिक १७ गतेदेखि २१ गतेसम्म सञ्चालन हुने जनाईएको छ । त्यस्तै मेला सम्पन्न गर्नका लागि विभिन्न उपसमिति समेत गठन गरिएको छ ।



शुभकामना





शुभ दीपावली २०८३, नेपाल संवत ११४७ तथा छठको पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि तथा दीर्घायुको लागि मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

डम्बर बहादुर जि.सी.	फमलाल निउरे	भरत शर्मा गैरे
प्रमुख प्रशासकीय अधिकृत	नगर उप-प्रमुख	नगर प्रमुख

गलकोट नगरपालिका

गलकोट, बागलुङ

साहित्य सिर्जना

मानुषी

– पारिजात

तिमी जति गर्न सक्छौ
त्यति म पनि गर्न सक्छु
तिमी जत्तिकै पाखुरी बजार्न सक्छु
पसिना बगाउन सक्छु
तिम्रा सबै अनुभूतिहरू
मेरा पनि अनुभूति
तर इतिहासले आज
कहाँ ल्याएर पछार्यो कुन्नि मलाई
तिमी त मभन्दा कोसौं अघि गइसकेछौ ।

तिमी र म एउटै होइनौं
एक-अर्काका पूरक मात्र हौं
त्यसैले तिमी मेरा थुप्रै अनुभूतिहरूका
भागिदार हुन सक्दैनौ
म तिम्रो मृतदेहसँग जिउँदै मर्न सक्छु
म तिमीहरूको
सामूहिक बलात्कार खपेर बाँच्न पनि सक्छु
तिमीलाई त यसो कहिल्यै भएन,
तिमीले रजस्वलाको कष्टप्रद क्षण भोगेका छैनौ
तिमीलाई आभ्नो अस्मिताको जोखिम उठाउनु पर्दैन
तिमीलाई गर्भधारणको
अतिशय पट्यारलाग्दो अवधि थाहा छैन
तिमीलाई प्रसवकालको सीमातीत कष्ट भोग्नुपर्दैन

हो, म तिमीबिना आमा बन्न सक्तिनँ
तर मैले तिमीलाई बाबु बन्ने श्रेय दिएकी छु
तथापि तिमी त्यो नैसर्गिक मातृत्व बुझ्दैनौ
त्यो मेरो, नितान्त' मेरो अनुभूति हो

तिमीलाई स्वास्नीमान्छेले बलात्कार गर्यो ?
तिमीलाई स्वास्नीमान्छेले
कलंकको टीका लगाइदियो ?
तिमीलाई स्वास्नीमान्छेले बेच्यो ?
तिमी निरूत्तर छौ यस प्रश्नको अघि,
आजको सत्तारूढ तिमी
शताब्दी-शताब्दीअघि
झगडालु, ईर्ष्यालु वनमानुष तिमीलाई
माया र सह-अस्तित्वको अँगालोमा बाँधी
आभ्नो ओढारको छानुमुनि भित्र्याएकी थिएँ
जसरी आज तिमी
दाइजोको लावा-लस्करसँग घुम्टोभित्र लुकाई
पशुलाई जस्तै रूवाउँदै भित्र्याउने गर्छौ ।

त्यसैले तिमी यति विमुख न हौ
यति निर्दयी नबन,
यति बैगुनी न हौ,
तिमी मेरो उत्पीडन बुझ्दैनौ
म तिम्रो उत्पीडन बुझ्छु
आऊ आज हामी उत्पीडनहरू साटासाट गरौं
हामी मानसिकताले एकाकार हौं
हामी एक-अर्का बिना बाँच्न सक्ने प्राणी होइनौं
म तिम्रो हात दह्रो गरी समाउँछु
तिमी मलाई तिमी पुगेको ठाउँसम्मै पुर्याऊ
त्यहाँ, जहाँ तिमीलाई मैले
सभ्यताको आदिकालमा पुर्याइसकेकी थिएँ ।

तिहारको...

भावनात्मक सम्पत्ति हो। यो सम्बन्धमा कुनै हिसाबकिताब हुँदैन, कुनै लेनदेनको सर्त हुँदैन। कहिले झगडा, कहिले रिस, कहिले गुनासो र कहिले अथाह माया– यिनै विविध भावनाले यो सम्बन्धलाई जीवन्त बनाएका हुन्छन्। तर जीवन सधैं एउटै रहँदैन। समयले मानिसलाई टाढा पुऱ्याउँछ, परिस्थितिले सम्बन्धमा दूरी ल्याउन सक्छ र कहिलेकाहीं मृत्युले सधैंका लागि छुटाउँछ। त्यसैले सम्बन्धको मूल्य कुनै विशेष पर्वमा मात्र होइन, जीवनका हरेक दिन बुझ्न आवश्यक छ। दाजुभाइ दिदीबहिनीबीचको प्रेम टीकाको दिनमा मात्र होइन, दुःख पर्दा साथ दिने, अप्ठ्यारोमा सहयोग गर्ने, सफलतामा खुसी हुने र कमजोरीमा सम्झाउने व्यवहारमा देखिनुपर्छ। दाजुभाइ नहुने दिदीबहिनी र दिदीबहिनी नहुने दाजुभाइले पनि आत्मीयताको अभाव महसुस गर्न नपर्ने गरी समाजले प्रेम र अपनत्वको वातावरण निर्माण गर्नुपर्छ। किनकि सम्बन्धको सुन्दरता रगतमा मात्र होइन, भावनामा पनि हुन्छ।अन्ततः तिहारको प्यार निधारमा लगाइएको सप्तरङ्गी टीका मात्र होइन, मनमा सजाइएको स्नेह हो। घरमा बालिएको दियो मात्र होइन, सम्बन्धमा बलिरहेको विश्वास हो। गलामा लगाइएको मखमली माला मात्र होइन, कहिल्यै नओइलाउने आत्मीयताको प्रतीक हो। हामीले तिहारलाई केवल एक दिनको उत्सव नबनाऔं। यसको प्रेम, सद्भाव, सहिष्णुता, प्रकृतिप्रतिको सम्मान र पारिवारिक आत्मीयतालाई जीवनमा उतारौं। किनकि घर उज्यालो बनाउन दियो चाहिन्छ, तर जीवन उज्यालो बनाउन माया चाहिन्छ। घर सजाउन फूल चाहिन्छ, तर सम्बन्ध सजाउन आत्मीयता चाहिन्छ। निधारमा टीका लगाउन रङ चाहिन्छ, तर मनमा प्रेम जगाउन खुला हृदय चाहिन्छ ।

संस्कृति, परम्परा, आस्था, प्रकृति र पारिवारिक आत्मीयताको अनुपम उत्सव बनोस, सम्बन्धमा दूरी नहोस्, मनमा वैमनस्य नहोस्, परिवारमा विखण्डन नहोस् र समाजमा प्रेमको उज्यालो कहिल्यै ननिभोस्। तिहारले सबैलाइ प्यार गरोस शुभकामना ।

शाभारः ढोरपाटन

माँझबगर क्षेत्रमा बाटो निमार्ण

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं. ५ र ६ लाई जोड्ने भैंसे माझबगर क्षेत्रमा आवागमन सहज बनाउने उद्देश्यले बाटो निर्माण कार्य सुरु भएको छ ।

गत असोज ११ गते अविरल वर्षासँगै दरमखोलामा आएको बाढीले पुल बगाएपछि नागरिकलाई आवतजावत गर्न समस्या हुँदै आईरहेको छ । उक्त बाटो भएर विद्यार्थीहरुलाई विद्यालय आवतजावत गर्न, दैनिक उपभोग्य सामग्री खरिद गर्न तथा स्थानीय नागरिकलाई बजारमा आवतजावत गर्न निकै कठिन हुनुका साथै शवलाई घाटसम्म पुर्याउन समेत कठिनाइ भएपछि बाटो निर्माणको कार्य अगाडि बढाईएको हो । नागरिकको जनजीवन सहज तथा दैनिक आवागमनमा देखिएका अवरोध हटाउने उद्देश्यले वडा नं. ५ र ६ को समन्वयमा निर्माण कार्य भइरहेको र बाटो निर्माण कार्यलाई छिट्टै पूर्णता दिने समेत जनाईएको छ ।

मल्ममा श्रद्धाञ्जली कार्यक्रम

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं. ७ मल्ममा श्रद्धाञ्जली सभा सम्पन्न भएको छ ।

नेपाली कम्युनिष्ट पार्टी गलकोट नगरपालिका वडा नं. ७ को आयोजनमा पार्टीका क्रियाशिल सदस्य टेक बहादुर दर्जीको ११ औं दिनको पूण्य तिथिको अवसरमा श्रद्धाञ्जली सभा सम्पन्न भएको हो ।

श्रद्धाञ्जली सभामा बोल्दै गण्डकी प्रदेश सदस्य छुम बहादुर थापाले स्वर्गीय दर्जीको पार्टीप्रति ठुलो योगदान रहेको बताउँदै उहाँको निधनले पार्टीलाई अपुर्णनिय क्षति पुगेको बताए ।

पार्टीका वडा कमिटि संयोजक ज्ञान बहादुर थापाले श्रद्धाञ्जली फ्रेम परिवारलाई हस्तान्तरण गरेका थिए । श्रद्धाञ्जली सभा वडा पार्टी कमिटिका संयोजक ज्ञान बहादुर थापाको अध्यक्षता र सचिव उपेन्द्र दर्जीको सञ्चालनमा सम्पन्न भएको थियो । स्वर्गीय दर्जीको गत कार्तिक १० निधन भएको थियो ।

रिघामा सामाजिक सुरक्षा भत्ता

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं. ११ मा सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

कामना सेवा विकास बैंक गलकोट शाखाद्धारा गलकोट नगरपालिका वडा नं. ११ को रिघा र मनेवापाटामा सामाजिक सुरक्षाभत्ता वितरण गरिएको हो ।

ज्येष्ठ नागरिक, दलित ज्येष्ठ, एकल महिला, दलित वालवालिका, अपाङ्ग गरी ३ सय २० जनालाई ३३ लाख ६२ हजार १ ु य ३० रुपैयाँ वितरण गरिएको कामना सेवा विकास बैंक क्यासियर निरज श्रेष्ठले जानकारी दिए

बैंकले लाभग्राहीको सहजतालाई मध्यनजर गर्दै घरदैलोमै पुगेर भत्ता वितरण गरेको हो । घरमै भत्ता प्राप्त गर्दा विशेषगरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा शारीरिक रूपमा अशक्त लाभग्राहीलाई सहज भएको छ ।

घरदैलोमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्दा लाभग्राहीलाई सहज हुनुका साथै बैंकसम्म आउजाउ गर्न लाग्ने समयको सदुपयोग भएको स्थानीयले बताएका छन् ।

सामाजिक सुरक्षाभत्ता वितरणमा उपस्थित भएका २ सय ५० जना ज्येष्ठ नागरिकको स्वास्थ्यकर्मीद्धारा रक्तचाप समेत परिक्षण गरिएको गलकोट नगरपालिका वडा नं. ११ का वडा अध्यक्ष डम्मर बहादुर श्रीसले बताए ।

रास्वपाको वडा अधिवेशन

गलकोटपत्र/हटिया

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ताराखोला गाउँपालिका वडा नं. २ को वडा अधिवेशन सम्पन्न भएको छ ।

अधिवेशनले पूर्ण बहादुर खत्रीको सभापतित्वमा ११ सदस्यीय कार्यसमिति गठन गरिएको छ । समितिको उपसभापतिमा नर बहादुर घर्ती मगर, सचिवमा मन बहादुर रोका मगर रहेका छन् । पालिका प्रतिनिधिको रुपमा ईन्द्र बहादुर रोका मगर र प्रकाश रोका मगरलाई चयन गरिएको छ ।

कार्यक्रममा बोल्दै पार्टीका जिल्ला सभापति ढालिन्द्र रायमाझिले पार्टीलाई संगठनात्मक रूपमा बलियो र जनतामाझ स्थापित बनाउन वडा तहको संगठन विस्तार महत्वपूर्ण रहेको बताए । उनले पार्टीले सुशासन, पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचारमुक्त राजनीतिक संस्कारलाई प्राथमिकतामा राखेको उल्लेख गर्दै जनताको वास्तविक समस्या र आवश्यकतालाई केन्द्रमा राखेर काम गर्न नवनिर्वाचित समितिलाई आग्रह गरे ।

रायमाझीले पार्टीको नीति, सिद्धान्त र उद्देश्यलाई जनस्तरसम्म पुऱ्याउँदै आम नागरिकको विश्वास जित्ने गरी जिम्मेवारीपूर्वक अघि बढ् नुपर्ने बताए । उक्त अवसरमा पार्टीका क्षेत्रीय सभापति हिमाल खत्री, गलकोट नगर सभापति राजेन्द्र पुन, ताराखोला गाउँपालिका तदर्थ समिति सभापति गंगा प्रसाद गुरुङले मन्तव्य राखेका थिए ।

कार्यक्रम पार्टीका गाउँपालिका तदर्थ समिति सभापति पूर्ण खत्रीको सभापतित्व र सदस्य प्रकाश रोकाको सञ्चालनमा सम्पन्न भएको थियो ।

दीपावली सतर्कताका साथ मनाऔं ।

दीपावलीको समयमा

मैनबत्ती, दियो तथा विद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ,

त्यसबाट बच्न

- ✦ दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- ✦ बालबालिकाले भेट्ने गरी दियो मैनबत्ती लगायतका प्रज्वनशील पदार्थ नराखौं,
- ✦ पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठको फर्निचरमाथि दियो तथा मैनबत्ती नबालौं,
- ✦ मैनबत्ती, दियो बालीसकेपछि ननिभेसम्म निगरानी गरौं,
- ✦ धेरै विद्युतीय उपकरण प्रयोगका कारण विद्युत सट भइ आगो लाग्न सक्ने हुदा कम प्रयोग गरौं,
- ✦ एक्सटेन्सन प्लगको क्षमता अनुसार मात्र प्रयोग गरौं,
- ✦ पटका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं ।

आगजनीबाट बचौं र बचाऔं ।

दुर्घटनाबाट आफू बचौं र अरुलाई पनि बचाऔं ।

गलकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गल्कोट बागलुङ

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- ✦ सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- ✦ मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- ✦ सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- ✦ सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- ✦ पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- ✦ दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

गलकोट सूचना तथा सञ्चार सहकारी संस्था लिमिटेडद्वारा प्रकाशित गलकोटपत्र साप्ताहिकका लागि : अध्यक्ष-विरेन्द्र श्रेष्ठ, सम्पादक- दिनेश पन्त, व्यवस्थापक- शर्मिला रोका मगर, कार्यकारी सम्पादक-वीरबहादुर चोखाल (५८५७६२५४४५)
कम्प्यूटर- सुमित कुँवर, ५८५७६२२३७२, कार्यालय : गलकोट नगरपालिका-३, हटिया, फोन नं.: ०६८-४१२०४२, ४१२०४३, ईमेल-galkotpatra@gmail.com, मुद्रण: नमुना अफसेट प्रेस, बागलुङ